मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १७९ ★ ने. सं. ११४६ दिला थ्व, सप्तमी ★ मङ्गलबार ★ ५ साउन, २०८३ ★ July 21 , 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## रूस-प्रजग कोरिया प्रगाढ सम्बन्धको अर्को कदम
# राष्ट्रपति पुटिन र विदेशमन्त्री चोबिच उच्चस्तरीय वार्ता



मस्को, २० जुलाई (एपी) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रजातान्त्रिक जनगणतन्त्र (उत्तर) कोरियाली विदेशमन्त्री चो सोन हुईसँग भेटवार्ता गर्नुभएको छ । रुसी सरकारी सञ्चारमाध्यमका अनुसार, दुई देशबिचको पछिल्लो उच्चस्तरीय कूटनीतिक भेटको क्रममा पुटिनले युक्रेनविरुद्धको युद्धमा प्योङ्याङले गरेको समर्थनप्रति धन्यवाद व्यक्त गर्नुभएको छ ।

कुनै बहुपक्षीय कूटनीतिक कार्यक्रम वा राष्ट्रिय उत्सवको अवसरबिना नै भएको चोको रुस भ्रमणले उत्तर कोरियाली नेता किम जोङ उनको सम्भावित रुस भ्रमणको तयारीबारे अड्कलबाजी बढाएको छ । उत्तर कोरियाली सञ्चारमाध्यमका अनुसार चो रुसी विदेशमन्त्री सर्गेई लाभरोभको निमन्त्रणामा शनिबार रुस पुग्नुभएको हो । यद्यपि, भ्रमणको उद्देश्यबारे भने प्योङयाङले विस्तृत जानकारी दिएको छैन ।

रुसी समाचार संस्था 'टास' का अनुसार, क्रेमलिनमा भएको भेटमा पुटिनले दुई देशबिचको सम्बन्धलाई प्रशंसा गर्दै युक्रेनमा जारी सैन्य कारबाहीको क्रममा सहयोग गरेकोमा प्रजग कोरियाली नेतृत्व र जनताप्रति कृतज्ञता व्यक्त गर्नुभयो । जवाफमा चोले किम जोङ उनले रुससँगको सम्बन्धलाई समग्र रूपमा विकास गर्न प्रतिबद्ध रहेको बताउनुभएको थियो ।

किमले यसअघि सन् २०१९ र सन् २०२३ मा पुटिनसँग शिखर वार्ताका लागि रुस भ्रमण गर्नुभएको थियो । सन् २०२४ जूनमा पुटिनको प्योङयाङ भ्रमणको क्रममा दुई नेताले रणनीतिक साझेदारीसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्दै कुनै पनि पक्षमाथि आक्रमण भएमा पारस्परिक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

पछिल्ला वर्षहरूमा प्रजग कोरियाले रुससँगको सम्बन्धलाई उच्च प्राथमिकता दिँदै आएको छ ।

यसैबिच, किमले चीनसँग पनि सम्बन्ध सुदृढ बनाउने प्रयास जारी राख्नुभएको छ । गत जूनमा उहाँले चिनियाँ राष्ट्रपति सी चीनफिङसँग प्योङ्याङमा भेटवार्ता गर्नुभएको थियो । उत्तर कोरियाले अमेरिका र उसका सहयोगी राष्ट्रहरूको प्रभावको प्रतिरोध गर्ने उद्देश्यले रुस र चीनसँगको सहकार्यलाई विस्तार गरिरहेको विश्लेषण गरिएको छ ।

रुस भ्रमणअघि प्रजग कोरियाका उच्च अधिकारीहरूले चीन भ्रमण गरेका थिए । प्रजग कोरियाको मन्त्रिपरिषद्का प्रधानमन्त्री पाक थाय् सोङले पेइचिङमा सीसँग भेटवार्ता गर्नुभएको थियो भने चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ नेता वाङ हुनिङले प्योङ्याङ पुगेर किमसँग छलफल गर्नुभएको थियो ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता असफल भएपछि किमले अमेरिका र दक्षिण कोरियासँगको संवाद लगभग रोक्दै आउनुभएको छ । उहाँले युक्रेन युद्धलाई आफ्नो आणविक हतियार तथा क्षेप्यास्त्र कार्यक्रम विस्तार गर्ने अवसरका रूपमा प्रयोग गरिरहेको आरोप लाग्दै आएको छ । अर्कोतर्फ, अमेरिकाले प्रजग कोरियासँगको वार्ताका लागि असम्भव आणविक निःशस्त्रीकरणलाई प्रमुख सर्त बनाउँदै आएको छ ।

## नगर प्रमुख प्रजापतिसँग पूर्वराजदूत
# श्यामानन्द सुमनको भेट



भक्तपुर, ४ साउन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कतारका लागि नेपालको पूर्वराजदूत श्यामानन्द सुमनले शिष्टाचार भेट गर्नुभयो । भेटको क्रममा उहाँहरूबिच भक्तपुर र सिम्रौनगढबिचको ऐतिहासिक तथा सांस्कृतिक सम्बन्धबारे छलफल भयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणसँगै शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण र समग्र नगर विकासलाई प्राथमिकतामा राखी नागरिकमुखी सेवा प्रवाह गर्दै आएको जानकारी दिनुभयो ।

पूर्वराजदूत सुमनले भक्तपुरको मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण तथा अन्तर्राष्ट्रिय समुदायमाझ यसको प्रचारप्रसारमा स्थानीय तहले गरिरहेको प्रयासको प्रशंसा गर्नुभयो ।

राजदूत सुमनले पाकिस्तान, फ्रान्स र कतारमा नेपालको राजदूतका रूपमा कार्य गरेको अनुभव सुनाउँदै २०२४ सालमा निजामती प्रशासन सेवामा प्रवेश गर्नुभएको जानकारी दिनुभयो । उहाँले राष्ट्रिय योजना आयोगमा करिब १० वर्षसम्म विभिन्न जिम्मेवारी सम्हालेर काम गरेको अनुभव पनि जानकारी दिनुभयो । सप्तरीको राजविराज स्थायी घर भएका सुमनले सार्वजनिक प्रशासन, योजना तथा कूटनीतिक क्षेत्रमा लामो अनुभव हासिल गर्नुभएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले पूर्वराजदूत सुमनलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो । सोही क्रममा पूर्वराजदूत सुमनले आफ्नो जीवनयात्रामा आधारित 'जीवन एक रंग अनेक' पुस्तक नगर प्रमुख प्रजापतिलाई हस्तान्तरण गर्नुभयो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ६१

**जिल्ला प्रशासन कार्यालय तनहुँ**

२०८२ भदौ २४ गते बिहान १०:०० बजेदेखि निषेधाज्ञा आदेश जारी गरिएको थियो । प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा रहेको सुरक्षा कमान्ड पोस्टमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागलगायत निकायका जिल्ला प्रमुख बसेर आवश्यक समन्वय, नियमन र निर्देशन गरिएको थियो ।

बिहान करिब ११:०० बजेतिर अनसन चौतारीमा करिब ४०-५० जनाको हाराहारीमा प्रदर्शनकारी जम्मा भएर मध्याह्न करिब १२:०० बजेतिर जिल्लास्थित राजनैतिक दलका कार्यालयहरूमा तोडफोड भयो । दिउँसो करिब १:०० बजेदेखि ३:०० बजेसम्म राष्ट्रपतिको व्यास-२ को निवासमा ढुङ्गा प्रहार, व्यास नगरपालिकामा तोडफोड र सवारी साधनमा आगजनी भयो । दिउँसो ३:०० बजेदेखि साँझ ७:०० बजेसम्म जिल्ला सदरमुकामस्थित सरकारी कार्यालयहरूमध्ये डिभिजन वन कार्यालय, आन्तरिक राजस्व कार्यालय, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, मालपोत कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, तनहुँ जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालयमा तोडफोड र आगजनी तथा सवारी साधनमासमेत तोडफोड र आगजनी भएको थियो ।

साँझ ७:०० बजेतिर केही प्रदर्शनकारीले कारागार कार्यालय तनहुँमा ढुङ्गामुढा गरे । त्यसपछि कारागारभित्रका कैदीबन्दीहरू पनि तोडफोड र आगजनीमा उत्रिई कारागारभित्र रहेका सम्पूर्ण ३२७ जना कैदीबन्दी कारागार तोडेर भागे । प्रदर्शनकारीबाट



जिल्लाको शुक्लागण्डकी नगरपालिका तथा वडा कार्यालयहरूमा समेत तोडफोड र आगजनी भयो ।

२०८२ भदौ २५ गते व्यास नगरपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका एवम् शुक्लागण्डकी नगरपालिकाका विभिन्न वडा कार्यालयहरूमा आक्रमण तथा आगजनी गर्ने तयारी रहेको सूचना प्राप्त भएकाले ती स्थानहरूमा नेपाली सेनासहितको सुरक्षाकर्मीको टोलीले गस्ति गरी गराई सम्भावित जोखिम व्यवस्थापन गरेको हो ।

मिति २०८२/०५/२६ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट नेपाली सेनाको विज्ञप्ति नं. १३. मिति २०८२/०५/२५ गतेको विज्ञप्तिमार्फत भएको निषेधाज्ञा र कर्फ्यु आदेश प्रभावकारी कार्यान्वयन गर्न जिल्लास्थित सुरक्षा निकायहरूलाई समन्वयात्मक रूपमा परिचालित गरिएको थियो ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

२०८२/०५/२४ गते दिनको करिब १२:०० बजे जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न जारी गरिएको कर्फ्यु आदेश कार्यान्वयनका लागि जिल्लास्थित नेपाली सेनाको कृष्णदल गण फूलबारी ब्यारेकलाई पत्राचार गरी पठाइएको थियो ।

भदौ २४ गते बिहान १०:०० बजेदेखि राति १०:०० बजेसम्मका लागि लगाइएको कर्फ्युको उल्लङ्घन भई विध्वंसात्मक क्रियाकलाप बढेको थियो ।

भदौ २४ गते २२:४० बजेको समयमा सृजनाचोकस्थित सृजना मिनि मार्केटमा लागेको आगो तथा लुटपाट नियन्त्रण गरी नजिकै रहेको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीको ब्लड बैङ्कलाई सुरक्षा दिइएको थियो ।

पोखरा ट्रेड मलमा भएको तोडफोड तथा आगजनी, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल अगाडि फार्मेसी तथा URL Building मा भएको आगजनी र बीजी मलमा भएको आगजनी नियन्त्रण गरिएको थियो ।

# ऐतिहासिक भ्रष्टाचारविरोधी संस्मरण कार्यक्रम

भक्तपुर, ४ साउन । ऐतिहासिक भ्रष्टाचारविरोधी दिवस (असार १९ तथा साउन २) को सन्दर्भमा नेपाल मजदुर किसान पार्टी, वडा नं ७ वडा, चोर्चा-इनाचो भेगीय समितिको आयोजनामा आइतबार एक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले हालको सरकार पनि प्रतिक्रियावादी नै भएको विचार राख्नुभयो । उहाँले सरकारका नीति नवउदारवादी भएको भन्दै संविधानविपरीत सरकारले शिक्षा र स्वास्थ्यमा कर लगाएको उल्लेख गर्नुभयो ।

उहाँले नेमकिपाले इमानदारीको राजनीति गरेको भन्दै भ्रष्टाचारविरोधी आन्दोलनले नै भक्तपुरको राजनीतिलाई सफा बनाएको विचार राख्नुभयो । उहाँले नयाँ पुस्तालाई इतिहासबारे स्पष्ट पार्नुपर्ने उल्लेख गर्नुभयो ।

नेमकिपा, भक्तपुर नगर समितिका नारायणप्रसाद त्वानावासुले आन्दोलन तथा सङ्घर्षले नै भक्तपुरलाई सुसंस्कृति बनाउको तर्क गर्नुभयो । उहाँले भ्रष्टाचारविरोधी आन्दोलन पनि किसान आन्दोलनको एक पाटो भएको चर्चा गर्नुभयो ।

कार्यक्रम आयोजक समितिका अध्यक्ष कृष्णगोविन्द खाइजूले भक्तपुको राजनीतिक आन्दोलनको इतिहासमा भ्रष्टाचारविरोधी आन्दोलनको इतिहास उदाहरणीय भएको बताउनुभयो ।

आयोजक समितिका उपाध्यक्ष विष्णाराम दुमरुले किसानले मल दिन नसक्ने सरकार जनपक्षीय हुन नसक्ने विचार राख्नुभयो ।

कार्यक्रममा आयोजक समितिका सदस्य चन्दप्रसाद दुमरुले सङ्घर्षको भावनालाई जिउँदोजाग्दो राख्नुपर्ने भनाइ राख्नुभयो ।



**भक्तपुर सहरमा बढ्दै गएको घना बस्ती :** भक्तपुर जिल्लाको ऐतिहासिक एवं पर्यटकीय क्षेत्र रानीकोटबाट देखिएको भक्तपुर सहरमा बढ्दै गएको घना बस्ती र वरिपरिको डाँडाकाँडाको दृश्य । *तस्विर: रत्न श्रेष्ठ/रासस*

# नीति अनुसन्धान प्रतिष्ठानको गठन आदेश संशोधन

काठमाडौँ, ४ साउन । नीति अनुसन्धान प्रतिष्ठानले राष्ट्रिय योजना आयोग र त्रिभुवन विश्वविद्यालयबिच सहकार्य बढाउने भएको छ ।

प्रतिष्ठानको गठन आदेश संशोधनसँगै योजना आयोग र त्रिविबिच समन्वय बढ्ने भएको हो ।

राजपत्रको भाग-३ मा प्रकाशित 'नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश (दोस्रो संशोधन, २०८३' मा बोर्डको संरचनामा हेरफेर भएसँगै योजना आयोगका उपाध्यक्ष पदेन अध्यक्ष रहने व्यवस्था छ ।

बोर्डमा त्रिविका उपकुलपति र नेपाल सरकारबाट मनोनीत दुई सदस्य रहनुहुनेछ भने कार्यकारी निर्देशकले बोर्डको सचिवको जिम्मेवारी वहन गर्नुहुनेछ ।

योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको अध्यक्षता र त्रिविका उपकुलपति डा. भोला थापासहितको उपस्थितिमा बोर्डको पहिलो बैठक हालै सम्पन्न भएको छ ।

प्रतिष्ठानका सहायक प्रवक्ता कृष्णप्रसाद विकले नयाँ व्यवस्थाले आयोग र विश्वविद्यालयसँग नीतिगत र प्राज्ञिक समन्वय बढ्ने बताउनुभयो ।

विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) मानिने प्रतिष्ठानले अध्ययनका मुद्दा र विषयवस्तुका लागि संविधानका निर्देशक सिद्धान्त र राज्यका नीतिलाई अवलम्बन गर्दै आएको छ ।

नेपालको सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति एवं परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनुपर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने कार्य प्रतिष्ठानले गर्दै आएको छ ।

निजामती वा सार्वजनिक सेवालाई थप प्रभावकारी, जवाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन गर्नुपर्ने सुधार लगायतका सम्बन्धमा सरकारलाई सुझाव दिने जिम्मेवारी दिइएको छ ।

विसं २०७५ मा नेपाल सरकारले नीति अनुसन्धान प्रतिष्ठानको गठन आदेश जारी गरेको थियो । बोर्डले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत गर्दै आएको छ । *(रासस)*

# मुख्य राजमार्गमा पहिरो: सडक अवरुद्ध

काठमाडौँ, ४ साउन । लगातारको वर्षासँगै देशका विभिन्न स्थानमा पहिरो र बाढीका कारण देशका नौ प्रमुख राजमार्ग अवरुद्ध भएका छन् । नेपाल प्रहरीका अनुसार, कोसी र वाग्मती प्रदेशका विभिन्न सडकखण्डमा पूर्ण तथा आंशिक अवरूद्ध छ ।

कोसी प्रदेशको भोजपुर नगरपालिका-५ बोखिमस्थित मध्यपहाडी लोकमार्ग भने बाढीका कारण एकतर्फी सवारी सञ्चालन भइरहेको छ । इलाम नगरपालिका-९ राजदुवाली र पाँचथरको याङवरक गाउँपालिका-१ खोबरे खोलास्थित मेची राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध छ ।

यस्तै, खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ माटेखोला क्षेत्रमा मध्यपहाडी लोकमार्गको दिक्तेल-भोजपुर सडकखण्ड पनि पहिरोबाट पूर्ण रूपमा बन्द भएको प्रहरीले जनाएको छ ।

वाग्मती प्रदेशमा सम्भावित बाढीका कारण बिपी राजमार्ग सञ्चालनमा रोक लगाइएको र काठमाडौँ-हेटौँडा कान्ति लोकपथमा सम्भावित बाढी तथा पहिरो जोखिमका कारण अर्को सूचना नभएसम्म सवारी सञ्चालनमा रोक लगाइएको छ ।

सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिका-४ जुरीखोला र कोदारीस्थित अरनिको राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध रहेको नेपाल प्रहरीले जनाएको छ ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ बोकेझुण्डास्थित पासाङल्हामु सडक खण्डमा एकतर्फी सवारी सञ्चालन भइरहेको छ ।

चितवनको इच्छाकामना गाउँपालिका-३ फिस्लिङस्थित पृथ्वी राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको नेपाल प्रहरीले जनाएको छ । धादिङको बेनीघाट रोराङ गाउँपालिका-१० तिस्मारखानी क्षेत्रमा पृथ्वी लोकमार्ग एकतर्फी सञ्चालन रहेतापनि जवाङखोलास्थित सडक भने पूर्ण रूपमा बन्द रहेको छ ।

प्रहरीले वर्षा जारी रहेकाले पहिरो र बाढीको जोखिम कायमै रहेको जनाउँदै प्रहरीले यात्रा अघि सम्बन्धित निकायको पछिल्लो सडक अवस्थाबारे जानकारी लिएर मात्रै यात्रा गर्न सर्वसाधारणलाई आग्रह गरेको छ । *(रासस)*

# चार महिनामा तीन हजार ४३५ विपद्का घटना

काठमाडौँ, ४ साउन । गत वैशाखदेखि हालसम्म विपद्मा परेर १६६ जनाको ज्यान गएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस अवधिमा कुल तीन हजार ४३५ विपद्का घटना भएका छन् ।

विपदमा परेर ९८८ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार चार हजार ५३१ घर परिवार प्रभावित भएका छन् । सो अवधिमा सबैभन्दा बढी आगलागीका घटना भएका छन् ।

प्राधिकरणका अनुसार चार महिनामा ९१४ वटा आगलागीका घटना भएका थिए । सर्पदंशका ५३५, चट्याङ २२९, लेक लाग्नु ५५, जनावर आक्रमण १९०, हुरीबतास ४७८, पहिरो ४९५, बाढीका १७१ घटना घटेका छन् । यस्तै, भारी वर्षा १६६, डुङ्गा पल्टेर एक, डढेलो १९१, हिँउ पहिरो दुई, असिना चार र अन्य पनि चार छन् ।

त्यसैगरी, साउन २ गते बिहानदेखि ३ गते बिहानसम्म देशभर कुल ५८ वटा विपद्का घटना भएका थिए । विपदमा परेर तीन जनाको ज्यान गएको छ भने १३ जना घाइते भएका छन् । कुल ४५ जिल्ला प्रभावित भएका छन् । *(रासस)*

# भक्तपुरमा रामशेखर नकर्मीका दस वटा ख्याल: दस दिन प्रदर्शन हुने

भक्तपुर, ४ साउन । प्रसिद्ध साहित्यकार तथा कलाकार रामशेखर नकर्मीद्वारा लिखित दस वटा ख्याल: भक्तपुरमा दस दिन लगातार प्रदर्शन गर्ने भएको छ ।

यही आउँदो साउन ९ गते शनिबारदेखि १९ गते मङ्गलबारसम्म दस वटा ख्याल: देखाउन लागेको हो । दैनिकजसो साँझ ५ बजे आस्था सांस्कृतिक समूहको थियटर लिबालीमा ती ख्याल:हरू प्रदर्शन गर्ने प्रबन्ध मिलाइएको हो । प्रदर्शनीमा नेपालभाषाको ख्याल: तन्त्र ताब्लेट एक दिन नेपाली भाषामा देखाइनेछ ।

खेल खतम, छेरावति द्य:, १२ बजे, खुँयात ज्वँज्वँ, तन्त्र ताब्लेट (नेपाली), खुँ, तन्त्र ताब्लेट (नेपालभाषा), टुरिस्ट गाइड, अस्पतालया जा, रानी पुखू र सिमात फफस्वः क्रमश: साउन ९ गते शनिबारदेखि साउन १९ गते मङ्गलबारसम्म ११ दिन देखाइनेछ । दुई सय रूपैयाँ टिकट मूल्य राखी नाट्यकर्मी समाजले ती ख्याल:हरू प्रदर्शन गर्न लागेको हो । ख्याल:मा क्रमश: भक्तपुर साकोस, ख्वप कलेज, स्टार वाचनालय, लिबाली समूह, बाल विकास ई. स्कूल, प्रभात मावि, भनपा १, सहिद निर्मल पुष्प स्मृति वाचनालय, जेलाँ सांस्कृतिक समाज र सङगम साकोस सामेल हुनेछन् ।

# नगर प्रमुख प्रजापतिद्वारा क्यान्सर पीडित कर्मचारीलाई सहयोग वितरण

भक्तपुर, ४ साउन । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाका क्यान्सर पीडित एक कर्मचारीलाई आर्थिक सहयोग हस्तान्तरण गर्नुभएको छ । उपचारमा सहयोग पुग्ने उद्देश्यले नगरपालिकाको तर्फबाट प्रदान गरिएको उक्त सहयोग रकम नगर प्रमुख प्रजापतिले कर्मचारीलाई हस्तान्तरण गर्नुभएको हो ।

नगर प्रमुख प्रजापतिले कर्मचारीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै क्यान्सर जुनसुकै व्यक्तिलाई पनि हुन सक्ने भएकोले रोगसँग लड्न सबैभन्दा आत्मबल बलियो बनाउनुपर्ने बताउनुभयो ।

उहाँले हाल नेपालमै क्यान्सरको प्रभावकारी उपचार सम्भव भएकोले चिकित्सकको सल्लाहअनुसार नियमित उपचारमा लाग्न आग्रह गर्नुभयो ।

नेपाल कर्मचारी एशोसिएसन एकाइ समिति भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर नगरपालिकाले यसअघि पनि उपचारका लागि धेरै कर्मचारीलाई आर्थिक सहयोग प्रदान गरिसकेको उल्लेख गर्दै आवश्यक सहयोगले कर्मचारीको मनोबल बढ्ने बताउनुभयो ।

क्यान्सर पीडित कर्मचारीले आफ्नो उपचारको कठिन समयमा आर्थिक तथा नैतिक साथको लागि भक्तपुर नगरपालिकाप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

# दुवाकोटमा भ्रष्टाचारविरोधी कार्यक्रम

भक्तपुर, ४ साउन । नेपाल मजदुर किसान पार्टी चाँगु २ वडा एकाइ समितिको आयोजनामा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा सोमबार कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपा चाँगु नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले २०२५ साउन २ गते र २०२६ असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनबारे नयाँ पुस्तालाई जानकारी गराउनुपर्ने र भ्रष्टाचारविरोधी आन्दोलन अहिले पनि अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जीआर सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा गोविन्दराम सुवाल र लक्ष्मीप्रसाद तजलेले पनि बोल्नुभएको थियो ।

# ख्याल: विधामा उत्कृष्ट समूहलाई सम्मान

भक्तपुर, ४ साउन । गत वर्षको गाईजात्राको अवसरमा घुम्ती ख्याल:मा उत्कृष्ट हुने ख्याल:लाई भक्तपुरमा सम्मान गरिएको छ । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले 'मखुयें जुल' नामक ख्याल:का लेखक, निर्देशक तथा कलाकार रवि ख्याजू र कृष्ण प्रजापतिलाई गणेशको मूर्तिसहित सम्मानपत्र वितरण गर्नुभएको थियो ।

उहाँले नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ ७ वडा समितिको तर्फबाट उपहार प्रदान गर्दै गरिब जनता र देशलाई ध्यानमा राखी साहित्यकार र लेखकहरूले आफ्नो कलम अगाडि बढाउनुपर्ने बताउनुभयो ।

साहित्यकार नाति कवांले चोक चोक र टोल टोलमा पहिले पूर्णाङ्की नाटक र ख्याल: देखाएर देशमा राजनीतिक परिवर्तनको लागि ठूलो योगदान भएको उल्लेख गर्दै यसबाट नयाँ पुस्ताले सिक्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेक्रासां सङ्घ ७ वडा समितिका अध्यक्ष लक्ष्मण तचामोको सभापतित्वमा भएको कार्यक्रममा नारायणप्रसाद मचामसीले स्वागत गर्नुभएको थियो भने कार्यक्रममा ख्याल: निर्देशक रवि ख्याजू, रामप्रसाद कवां, कविता मचामसीलगायतले ख्याल: विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# भक्तपुरमा गेस्ट हाउसबाट खसेर १८ वर्षीया युवतीको मृत्यु

भक्तपुर, ४ साउन । भक्तपुर नगरपालिका वडा नं. १ दूधपाटीस्थित लुम्बिनी गेस्ट हाउसबाट खसेर १८ वर्षीया सलिना श्रेष्ठको मृत्यु भएको छ । दोलखाकी सलिना हाल चाँगुनारायण-९ टेडोल बस्दै आएकी थिइन् । उनी आज बिहान करिब ३ बजे गेस्ट हाउसको झ्यालबाट खसेको अवस्थामा फेला परेकी थिइन् ।

उपचारका लागि भक्तपुर अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । घटनाका सम्बन्धमा उनीसँगै गेस्ट हाउसमा रहेका चार जनालाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# स्कुटर चोरी गर्ने मानिस नियन्त्रणमा

भक्तपुर, ४ साउन । सिन्धुलीको मरिण गाउँपालिका वडा नं. ४ घर भई हाल काठमाडौँको गोकर्णेश्वर बस्ने वर्ष ३१ को माइते सिं स्याङ्तानलाई साउन २ गते प्रहरी वृत्त जगाती भक्तपुरबाट खटिएको प्रहरी टोलीले सूर्यविनायक नगरपालिका वडा नं. १ सल्लाघारीबाट स्कुटरसहित नियन्त्रणमा लिएको छ ।

सूर्यविनायक नगरपालिका वडा नं. ८ चुकुपुल स्थितबाट प्र.०२-०६४ प ६६६८ नं. को यामाहाको स्कुटर हराएको भनी जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा नं. १५ घर भई हाल जिल्ला काठमाडौँ टोखा नगरपालिका वडा नं. २३ बस्ने धावा वाङ्गेल थिङले प्रहरी वृत्त जगाती भक्तपुरमा दिइएको निवेदनको आधारमा खोजतलास गर्दै जाँदा उक्त नम्बरको स्कुटर चोरी गर्ने व्यक्तिलाई पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालयले सोको थप अनुसन्धान गरिरहेको छ ।

सङ्क्षिप्त समाचार

## मदन पुरस्कारका लागि उत्कृष्ट १० कृति सार्वजनिक

काठमाडौँ, ४ साउन । मदन पुरस्कार गुठीले 'मदन पुरस्कार-२०८२' का लागि उत्कृष्ट १० कृतिको सूची सार्वजनिक गरेको छ । पुरस्कार मूल्याङ्कनका लागि विभिन्न विधाका २९८ पुस्तक आवेदनमा परेकामा गुठीले १० कृतिको मनोनयन सार्वजनिक गरेको हो ।

मनोनयन परेकामा अज्ञान (केशवराज ज्ञवाली), इथा (केशव दाहाल), उत्कर्ष (ललित विष्ट), नेपालमण्डलसँग जोडिएको सिमौनगढको सिमानाको इतिहास (रोशनकुमार झा), नेपाल समुदायका परम्परागत मृत्युगीत (वीणा जोशी (राजभण्डारी), परिधि (उमा सुवेदी) महायुग (सीमा आभास) सलह ( श्रवण मुकारुङ), स्वप्नस्पर्श (डा. नवराज केसी), हिउँद (नदीशा) रहेको गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । *(रासस)*

## गत वर्ष ११ हजार ४६८ मुद्दा फछ्र्योट

काठमाडौँ, ४ साउन । उच्च अदालत पाटनले गत आर्थिक वर्ष ( २०८२/०८३) मा ११ हजार ४६८ मुद्दा फछ्र्योट गरेको छ ।

अदालतमा कूल लगत १६ हजार १३९ मुद्दा रहेकामा ११ हजार ४६८ मुद्दा फछ्र्योट भएको हो ।

न्यायालयले दुई वर्ष नाघेका र १८ महिना नाघेका मुद्दा शून्यमा झार्न सफल भएको छ । त्यस्तै, एक वर्ष नाघेका ३५३ रहेका छन् ।

मुख्य न्यायाधीश लालबहादुर कुँवरले न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजनाअनुसार १८ वर्षमुनिका अभियुक्त भएका मुद्दा शून्यमा झार्न सफल भएको जिकिर गर्नुभयो । "विकास निर्माण र राजस्व असुलीका मुद्दालाई विशेष प्राथमिकता दिएका छौँ", उहाँले भन्नुभयो ।"

उच्च अदालत पाटनले चालु आर्थिक वर्षमा ७४० थान मुद्दा फछ्र्योट गरेको र एक वर्ष नाघेका थुनुवा मुद्दा १२ थान बाँकी रहेको जनाएको छ ।

मातहतका जिल्लामा सिन्धुपाल्चोकले ७७.४, रसुवाले ७५.६ र जिल्ला अदालत काठमाडौँले सबैभन्दा कम ४२.३ प्रतिशत मुद्दा फछ्र्योट गरेका छन् । *(रासस)*

## स-साना नदीमा आकस्मिक बाढीको उच्च जोखिम

काठमाडौँ, ४ साउन । जल तथा मौसम विज्ञान विभागले देशका विभिन्न जिल्लाका स-साना नदीमा सोमबार बहाव उल्लेख्य बढ्न सक्ने भएकाले आसपासका नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार गोरखा, रूपन्देही, अर्घाखाँची, कपिलवस्तु र दाङ जिल्लाबाट बग्ने स-साना नदीमा आकस्मिक बाढीको उच्च जोखिम रहेको छ ।

त्यस्तै, झापा, मोरङ, इलाम, सुनसरी, पाँचथर, तेह्रथुम, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, कास्की, तनहुँ, स्याङ्जा, पर्वत, बागलुङ, गुल्मी, पाल्पा, नवलपरासी (पूर्व), नवलपरासी ( पश्चिम), प्युठान, बाँके, बर्दिया, डोटी, डडेलधुरा, कैलाली, कञ्चनपुर, बैतडी र दार्चुला जिल्ला आसपासका स-साना आकस्मिक बाढीको जोखिम रहेको जनाइएको छ ।

विभागका बाढीविद् बिनोद पराजुलीले ती जिल्लाका नदी तटीय क्षेत्र, खोला आसपासकन सर्वसाधारणलाई विशेष सतर्कता अपनाउन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "नदीमा पानीको बहाव अचानक बढ्न सक्ने भएकाले यस्तो अवस्थामा नदी तर्न, माछा मार्न, नदीजन्य सामग्री उत्खनन गर्न तथा नदी किनारमा बस्न वा आवतजावत गर्न हुँदैन ।"

विभागले स्थानीय प्रशासन, सुरक्षा निकाय र स्थानीय तहलाई पनि सम्भावित आकस्मिक बाढीको जोखिमलाई ध्यानमा राखी आवश्यक पूर्वतयारी तथा प्रतिकार्यमा तयारी अवस्थामा रहन अनुरोध गरेको छ । *(रासस)*



**लिन्याक मेसिन मर्मत नहुँदा बिरामीलाई सास्ती**

बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका सूचना अधिकारी डा. प्रवीण गुप्ता बन्द भएको लिन्याक मेसिनबारे जानकारी गराउँदै । तीन महिनादेखि लिन्याक मेसिन मर्मत नहुँदा बिरामीहरुले सास्ती झेल्नुका साथै भारतका अस्पताल धाउन बाध्य भएका छन् । *तस्विर: युवराज पाण्डे/रासस*

## मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न पूर्वसूचना प्रणाली जडान

नेपालगञ्ज, ४ साउन । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका गाउँमा पूर्वसूचना प्रणाली जडान गरिएको छ ।

वन्यजन्तुको जोखिमबाट स्थानीयलाई जोगाउन कोहलपुर-१३ को खडगवार, राप्तीसोनारी-९ को महादेवपुर, राप्तीसोनारी-८ को बुचापुर तथा राप्तीसोनारी-२ को गोभारपुरमा पूर्वसूचना प्रणाली (साइरन) जडान गरिएको जेडिएसएल नेपालका फिल्ड प्रतिनिधि कमल रेग्मीले जानकारी दिनुभयो । उक्त प्रणालीले हात्ती, बाघ, चितुवा, निलगाईलगायत वन्यजन्तुको सम्भावित आक्रमणबारे समयमै सूचना दिई स्थानीयलाई सतर्क हुन सहयोग गर्ने उहाँले बताउनुभयो ।

बाँके राष्ट्रिय निकुञ्जका प्रमुख वीरेन्द्र कँडेलले वन्यजन्तुको जोखिम न्यूनीकरणका लागि चार स्थानमा पूर्वसूचना प्रणाली जडान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार गत असारमा जिपिएस ट्र्याकिङ प्रणालीसमेत जडान गरिएको छ । उहाँले निकुञ्जबाट बस्ती सुरक्षित राख्न तारबार, मेषजाली, बाखासुधार तथा भकारो सुधारका कार्यक्रम सञ्चालन भइरहेको बताउँदै जिपिएस ट्र्याकिङ प्रणालीमार्फत निकुञ्जभित्र हुने गतिविधिबारे जानकारी प्राप्त गर्न सकिने उल्लेख गर्नुभयो ।

बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकले वर्षौंदेखि जङ्गली हात्तीलगायत वन्यजन्तुको आक्रमणबाट मानवीय तथा अन्नबालीमा क्षति बेहोर्दै आएका छन् । निकुञ्जसँग जोडिएका ओभरी, च्यामा, गोभारपुर र बुचापुर क्षेत्रमा हात्ती-मानव द्वन्द्व बारम्बार दोहोरिने समस्या रहेको छ ।

बुचापुर हात्तीसार केन्द्रका शालिग्राम यादवले गाउँमा हात्तीलगायत वन्यजन्तु पस्नेबित्तिकै साइरन बज्ने भएकाले स्थानीयले समयमै जानकारी पाएर आवश्यक सतर्कता अपनाउने गरेको बताउनुभयो । यसले मानवीय क्षति हुन नदिन महत्त्वपूर्ण भूमिका खेलेको उहाँको भनाइ छ ।

बाँके राष्ट्रिय निकुञ्जमा नौ वटा जङ्गली हात्ती रहेका छन् । बस्ती सुरक्षित बनाउन तारबार गरिए पनि जङ्गलमा पर्याप्त आहार नपाउँदा हात्तीलगायत वन्यजन्तु बेला-बेलामा बस्तीमा प्रवेश गर्ने गरेका छन् । *(रासस)*

## लोप हुँदै थारु समुदायको 'सज्ना' गीत

दाङ, ४ साउन । यहाँका स्थानीय थारु महिलाले विभिन्न समयमा गाउने सज्ना गीत प्रायःलोप हुँदै गएको छ ।

विशेष गरी खेती गर्ने समय र पतिसँग बिछोड हुँदा गाइने लोकगीत हो, सज्ना । सज्ना गीत विलुप्त भएको वर्षौंपछि यहाँका थारु समुदायले पुनः सज्नाको संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

स्थानीय वेदराम चौधरी सज्ना थारु समुदायको एक मौलिक परम्पारगत महत्त्वपूर्ण लोकगीत भएकाले संरक्षण गर्न ढिला भइसकेको बताउनुहुन्छ ।

विशेषगरी थारु महिलाद्वारा धान रोप्ने सिजन (वैशाखदेखि असारसम्म) वा वसन्त ऋतुमा सज्ना गाउने गर्छन् ।

प्रेम र विरहको अभिव्यक्ति सज्ना (प्रियतम) गीतमा मिसिएको हुन्छ । विदेशिएका श्रीमान् वा प्रेमीको बिछोडको पीडा, प्रेम र समर्पणको भाव हो, उक्त लोक गीत ।

सज्नामा नवदुलही वा महिलाले बान्है महिना श्रीमानसँग ज्यूँन नपाउँदाको वेदना र प्राकृतिक अनुभूतिलाई लोकगीतको माध्यमबाट पोख्ने गर्छन् ।

खेत जोत्नका लागि हलो, जुवाजस्ता सामग्री ल्याउन वन गएका श्रीमान्लाई 'सज्ना' गीतमार्फत बोलाउने चलन रहेकोमा सो चलन हराउँदै गएको थारु अगुवा जीवराज चौधरीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "जेठदेखि असारसम्म खेती गर्ने सिजन हो ।" "यसरी खेती गर्ने समयमा महिलाले यो 'सज्ना' गीत गाउने गर्थे, तर अहिले हरायो ।" वसन्त ऋतु लागेपछि गाइने यो गीत पछिल्लो समय हराउँदै गएको अर्का अगुवा रोहित चौधरीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "थारु समुदाय पहिचान, संस्कार, संस्कृतिका हिसाबले धनी समुदाय हो", उहाँले भन्नुभयो, "तर, महिलाले 'सज्ना गीत बिर्सिदै गएमा थारु पहिचान लोप हुन्छ, यसतर्फ ध्यान दिनुपर्छ ।" *(रासस)*

## खेतमा काम गर्दा आँखा जोगाउन चिकित्सकको सुझाव

चितवन, ४ साउन । बर्सातको समयमा खेतमा काम गर्दा आँखामा चोटपटक र हिलो पर्ने भन्दै चिकित्सकहरूले आँखा जोगाएर काम गर्न सुझाव दिएका छन् । भरतपुर आँखा अस्पतालमा अहिले दैनिक आउने बिरामीमध्ये ३० प्रतिशत हाराहारी त्यस्ता बिरामी आउन थालेको भन्दै सजग रहन आग्रह गरिएको हो ।

अस्पतालका निर्देशक डा. पुष्पा गिरी श्रेष्ठले नेपाल नेत्रज्योति सङ्घ भरतपुरबाट सञ्चालित भरतपुर आँखा अस्पतालसहित मातहतका सेकेन्डेरी अस्पताल, सर्जिकल सेन्टर र उपचार केन्द्रमा आउने बिरामीमा समस्या देखिएको बताउनुभयो । दैनिक एक हजार ५०० हाराहारी बिरामी बहिरङ्ग सेवा लिन अस्पताल र मातहतका केन्द्रहरूमा आउने गर्दछन् । मुख्य रूपमा धानका लागि खेत तयार गर्दा र रोप्दा हिलो आँखामा पसेर आउने बिरामी रहेका छन् । यस्तै हिलो परेको टाउकोमा पानी पर्दा आँखामा छिरेर समस्या हुने गरेको छ । हिलो छिरेको आँखालाई मिचेपछि नानीमा सङ्क्रमण भएर बिरामीहरू आउने गरेको उहाँले बताउनुभयो ।

असार र साउन महिनामा यस्ता समस्या लिएर धेरै बिरामी आउने गर्दछन् । डा. श्रेष्ठले भन्नुभयो, "आँखामा हिलो परेपछि आफैँ औषधि किनेर प्रयोग गर्दा थप समस्या हुने गरेको छ ।" आँखामा समस्या भइहालेमा तत्काल नजिकको आँखा उपचार हुने केन्द्र वा अस्पतालमा जान उहाँले सुझाव दिनुभयो । आफू खुसी औषधि प्रयोग गरेका कारण पाँच प्रतिशत हाराहारी बिरामीमा घाउ बढेर अल्सरसमेत हुने गरेको उहाँले बताउनुभयो ।

नेपाल नेत्रज्योति सङ्घ चितवनको मुख्य अस्पताल भरतपुरमा रहेको छ । कावासोती र पर्साको ठोरीमा सेकेन्डेरी अस्पताल, चोरमाराको मध्यबिन्दु र सर्लाहीको ईश्वरपुरमा सर्जिकल सेन्टर छ भने भरतपुरको ओरालोमा सिटी क्लिनिक छ । तीबाहेक १९ वटा आँखा उपचार केन्द्र विभिन्न जिल्लामा छन् । सर्लाहीको हरिपुर र धादिङको नेत्रावतीमा उपचार केन्द्र सुरु गर्ने तयारीमा छ । उहाँले सङ्घ मातहतका वा अन्य आँखा उपचार गर्ने केन्द्र वा अस्पतालमा आँखा देखाएरमात्र औषधि प्रयोग गर्न सुझाव दिनुभयो । *(रासस)*

## बर्डफ्लुका कारण जावलाखेल चिडियाखानालाई तीन करोड घाटा

काठमाडौँ, ४ साउन । ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा बर्डफ्लु सङ्क्रमण पुष्टि भएपछि २७ दिनसम्म चिडियाखाना बन्द गर्नुपर्दा रु. तीन करोड बराबरको आर्थिक क्षति भएको छ ।

बर्डफ्लु सङ्क्रमण देखिएपछि राष्ट्रिय प्रकृति संरक्षण कोषले गत असार ५ गतेदेखि सर्वसाधारणका लागि बन्द गरेको थियो । सङ्क्रमण नियन्त्रणमा आएपछि यही साउन १ गतेदेखि चिडियाखाना पुनः सञ्चालनमा ल्याइएको छ ।

चिडियाखानाका सूचना अधिकारी गणेश कोइरालाका अनुसार सङ्क्रमण देखिएपछि नियमित सरसफाइ, सङ्क्रमित जीवजन्तुको उपचार तथा आवश्यक सावधानी अपनाइएको थियो । त्यसपछि पशु सेवा विभाग, केन्द्रीय पशु रोग अनुसन्धान प्रयोगशाला इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका वरिष्ठ अधिकारीको संयुक्त बैठकले चिडियाखाना पुनः सञ्चालन गर्ने निर्णय गरेको थियो ।

उहाँका अनुसार सामान्य दिनमा दैनिक एक हजार ७०० देखि एक हजार ८०० आगन्तुकले चिडियाखाना भ्रमण गर्ने गरेका थिए । शनिबार पाँच हजारदेखि सात हजार र आइतबार तीन हजार ५०० देखि पाँच हजार जनासम्मले चिडियाखानामा समय बिताउने गरेका थिए । पुनः सञ्चालन भएको पहिलो दिन, साउन १ गते ८०० जनाले मात्र चिडियाखाना भ्रमण गरेका थिए ।

चिडियाखानाले बालबालिका र ज्येष्ठ नागरिकका लागि रु. १००, विद्यार्थीका लागि रु. १५० र अन्य आगन्तुकका लागि रु. २५० प्रवेश शुल्क लिँदै आएको छ ।

गत आर्थिक वर्षमा चिडियाखानाले करिब रु. १८ करोड आम्दानी गरेको थियो । आर्थिक वर्ष २०८२/८३ मा रु. २१ करोड आम्दानी गर्ने लक्ष्य राखिएको भए पनि बर्डफ्लुका कारण लामो समय बन्द रहँदा लक्ष्य पूरा गर्न चुनौती थपिएको प्रशासनले जनाएको छ ।

हाल चिडियाखानाको टिकट काउन्टर बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म खुला रहने व्यवस्था गरिएको छ । सबै आगन्तुक साँझ ५:०० बजेसम्म बाहिरिनुपर्ने व्यवस्था छ । सङ्क्रमणअघि भने टिकट काउन्टर साँझ ६:०० बजेसम्म खुला रहने गरेको थियो । *(रासस)*

। सम्पादकीय ।

# सम्पदा संरक्षणमा सरकारको ध्यान पुगोस्

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) को बैठक दक्षिण कोरियाको बुसानमा ४८ औँ बैठक जारी छ । उक्त बैठकले विश्व सम्पदा स्थलको सूची बढाउन सक्ने, खतराको सूचीमा राख्न सक्ने र हटाउन सक्ने निर्णय गर्न सक्नेछ । यस अघिको बैठकले काठमाडौँ सम्पदालाई सुधार नगरे खतराको सूचीमा राख्ने निर्णय गरेको थियो भने लुम्बिनी क्षेत्रलाई पनि खतराको सूचीमा राख्ने तयारी गरेको थियो । सम्पदा वरपर र सम्पदास्थलमै आधुनिक शैलीका भवनहरू बनाउन थालेपछि मौलिक शैलीमा लोप हुन लाग्यो भनी लुम्बिनीलाई युनस्कोले खतराको सूचीमा राख्ने चेतावनी दिएको थियो । गत वर्ष जुलाईमा भारतको राजधानी नयाँ दिल्लीमा बसेको बैठकमा लुम्बिनीको संरक्षण र संवर्द्धन गर्न सुझाव दिइएको थियो ।

विश्वको सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न १६ नोभेम्बर १९७२ पेरिसमा सम्पन्न सम्मेलनले विश्व सम्पदा संरक्षण सम्झौताको घोषणा गरेको थियो । उक्त सम्झौतामा नेपालले २० जून १९७८ मा हस्ताक्षर गरेको थियो । काठमाडौँ उपत्यकालाई विश्व सम्पदा सूचीमा समावेश गर्न सरकारले युनेस्कोलाई गरेको आग्रहअनुसार सन् १९७९ मा इजिप्टको लुजारमा भएको तेस्रो सम्मेलनले काठमाडौँ उपत्यकाका तीन दरबार क्षेत्र हनुमानढोका, पाटन दरबार, भक्तपुर दरबार, बौद्ध स्तुप, स्वयम्भु, पशुपतिनाथ र चाँगुनारायण मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्ने निर्णय गरेको थियो । त्यस्तै लुम्बिनी, सगरमाथा तथा अन्य राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा राखिएको थियो ।

विश्व सम्पदा सूचीमा राखेपछि नेपाल सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग तथा दरबार संरक्षण कार्यालयले मौलिकता कायम गर्न आवश्यक बजेट छुट्याउनुपर्थ्यो; आवश्यकताअनुसार सम्पदाहरूको संरक्षण गर्न जीर्णोद्धार, मर्मत तथा पुनः निर्माण कार्य गर्नुपर्थ्यो । इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्त्व राख्ने मन्दिर, स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तुपा आदिको आवश्यकताअनुसार सम्बन्धित निकायले बेलाबखत संरक्षण र जीर्णोद्धार गर्नुपर्थ्यो । समय समयमा जीर्णोद्धार, मर्मत सम्भार भइरहेको भए सम्पदा बच्थ्यो र खतराको सूचीमा पर्दैनथ्यो ।

त्यसो त नेमकिपाले उहिले नै पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका मठ, मन्दिर सत्तल, पाटी आदिको संरक्षण गरेर जीवन्तता दिन कला, संस्कृति विधेयक संसद्मा पेस गरेको थियो । नेमकिपाको प्रयासबाटै नवौँ पञ्चवर्षीय योजनामा भक्तपुर नगरलाई सांस्कृतिक नगरको रूपमा विकास गर्ने सिद्धान्त तय गरिनेछ भन्ने नीति नै तय गरिएको थियो । सोही नीतिको आधारमा स्थानीय स्वायत्त शासन ऐन २०५५ मा कुनै नगरको ऐतिहासिक, पुरातात्त्विक वस्तु र कला, संस्कृति संरक्षण गर्ने सरकारले तोकेको आधारमा सांस्कृतिक नगर घोषणा गर्न सक्नेछ भन्ने उल्लेख गरिएको थियो । नेमकिपाले त पुरातात्त्विक र सम्पदा स्थलको आधारमा कुनै पनि गाउँ, वडामा नगरलाई सांस्कृतिक नगर घोषणा गर्नुपर्ने माग अघि सारेको थियो । सम्पदा स्थलको आधारमा सांस्कृतिक स्थल घोषणा गरिएको भए, सम्पदा स्थलहरूको मर्मत सम्भार जीर्णोद्धार या पुनःनिर्माण हुन्थ्यो र कुनै पनि पुरातात्त्विक स्थल खतराको सूचीमा पर्दैनथ्यो ।

सांस्कृतिक स्थल घोषणा भएपछि सम्पदा संरक्षण गर्न सरकारले सस्तोमा काठ उपलब्ध गराउने, बजेट छुट्याउने काम हुन्थ्यो । युनेस्कोले विश्व सम्पदा सूचीमा राखेका सम्पदा स्थलले जीवन्तता पाउँथ्यो । देशको मौलिक सम्पदा पुर्खाले सिर्जेको सम्पत्ति हुँदा त्यो जोगाउन पनि आवश्यक छ । सांस्कृतिक र प्राकृतिक सम्पदाहरू देशका सम्पत्ति हुन्; गहना हुन् । बाह्य तथा आन्तरिक पर्यटकहरू ठुलठुलो भवन अवलोकन गर्न होइन यहाँका मौलिक शैलीका मठ, मन्दिर, सत्तल, पाटी, मूर्ति, शिवालय, चैत्य, विहार, स्तुप तथा घर हेर्न आउँछन् । ती सम्पदाहरू स्वदेशी तथा विदेशी पर्यटकहरूको आकर्षण केन्द्र पनि हुन् । यो देशको आयस्रोत जुटाउने एक भरपर्दो माध्यम पनि हो ।

समाचार स्रोतअनुसार रोल्यान्ड लि र डा. माइकल पियर्सनले लुम्बिनी र मायादेवी मन्दिरको अवलोकन गरेका थिए । अवलोकनपछि टोलीले केही सुधार गर्नुपर्ने सुझाव दिएको पनि प्रकाशमा आएको थियो । सो सल्लाहको आधारमा केही सुधार भएको खबर पनि प्रकाशमा आयो । हाल बसिरहेको युनेस्कोको बैठकले लुम्बिनीलाई खतराको सूचीमा राख्ने छैन भन्ने नेपाली पक्षको धारणा रहेको छ । यी दुई विज्ञले सिफारिस गरेको विषयमा बैठकमा छलफल हुने बताइएको छ । टोलीले मन्दिरबाहेक अशोक स्तम्भको भिजिटर व्यवस्थापनको पनि तत्काल सुधार गर्न निर्देशन दिएको थियो । उक्त सल्लाहअनुसार कति सुधार भयो या भएन, अझै कति सुधार गर्न बाँकी छ, यो अर्को महत्त्वपूर्ण पाटो हो । सरकार र सम्बन्धित निकाय यस्तो सवालमा सचेत हुनुपर्छ । हरेकले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक गरेको भए, कुनै पनि निकाय र जनताको गुनासो सुन्नु पर्दैनथ्यो; सम्पदा संरक्षण हुन्थ्यो र खतराको सूचीमा पर्ने थिएन । यसबारे सरकार जिम्मेवारीपूर्वक लाग्नुपर्छ । युनेस्कोको बैठकमा भाग लिने मात्र होइन, बैठकमा उठेको समस्या पनि समाधान गर्न नेपाली टोली लाग्नुपर्छ ।

# "पुस्तक चिनियाँ मित्रहरूका निम्ति नेपाल र नेपाली संस्कृति एवम् समाज हेर्ने एउटा आँखीझ्याल बन्ने पूर्ण विश्वास छ"




सुरेन्द्रराज गोसाई

चिठी पढ्न मन नपराउने विरलै मात्र होला । आफूलाई प्राप्त चिठी पढ्न मान्छेलाई अरु कुरामा भन्दा बढी हतारो, कौतूहलता र जाँगर बढी नै हुन्छ । अरु कसैको गोप्य चिठी पढ्न पाए मान्छेले अमृत भेटाएझैँ मौका छोपिहाल्छ । त्यस्तै, सौभाग्य आजभन्दा १३-१४ वर्ष अगाडि प्राप्त भयो । सामान्य कागजमा निलो मसीले लेखिएका चिठीहरूको मुट्ठा हात पऱ्यो । ती स्नेहपूर्वक चिठी घर लगी आँखा झिमिक्कसमेत नगरी शब्द-शब्द केलाउन थालेको स्मरण अझै ताजा छ । आजसम्म द्रुतगतिमा पढिएका रचनाहरूमध्ये ती चिठी नै हुन् भन्नु अतिशयुक्ति नहोला ! अन्तिम चिठी छिचोलिसकेपछि मनले मिठासपूर्वक भन्यो - 'यी चिठी धेरैले पढ्ने सौभाग्य पाउनैपर्छ । यी चिठीलाई गोप्यताको जामाले बेरिराख्नु अन्याय हुनेछ ।' चिठी फिर्ता गर्दै श्रद्धेय अध्यक्षसमक्ष प्रस्ताव राखियो - 'सबै चिठी, कुनै पनि नछुटाई पुस्तकाकार रूप दिन ढिलाइ नगरौँ ।' अझै याद छ, अध्यक्ष्य रोहितले भन्नुभएका शब्द, "नरेन्द्रजी र इन्दिराले धेरै जोड दिइराख्नुभएको छ ।" नभन्दै 'जेलका चिठीहरू' शीर्षकमा पुस्तक प्रकाशित भयो - २०६९ भदौमा अर्थात् चिठी लेखिएको करिब २५ वर्षपछि । यसरी गोप्य भनी लेखिएका र लुकाई राखिएका चिठीहरू सार्वजनिक सम्पत्ति बन्यो । यी चिठीका पाठक केवल एकैजना थिइन् आदरणीय शोभा भाउजू । आज यी चिठी हजारौँले पढिसकेका छन् । फरक यति हो चिठीकी नायिका हामीसमक्ष भौतिकरूपमा हुनुहुन्न ।

'जेलका चिठीहरू' पुस्तक सामान्य पाठकदेखि प्रबुद्ध व्यक्तित्वहरूले पनि रुचाउनुभयो । महत्त्वपूर्ण प्रतिक्रिया प्राप्त भयो । ठाउँ-ठाउँमा परिचर्चा कार्यक्रमहरू भए । प्रत्येक पाठकले आफ्नै निम्ति लेखिएको अनुभूत गरे । कला-संस्कृति, सभ्यता, इतिहास, समाज र जीवन दर्शनबारे अध्यक्षज्यूका विचार बुझ्ने पाठकले अवसर पाए । सबैभन्दा आश्चर्यको विषय त उहाँले अत्यन्त कठोर यातनाबिच कसरी सुन्दर विचार व्यक्त गर्ने शक्ति राख्नुभयो, कडा निगरानीबिच कसरी चिठी लेख्ने र हातमा पुऱ्याउने प्रबन्ध मिलाउनुभयो, आफ्नै कामरेडहरूको असह्य यातनापश्चात्को चित्कारबिच सुन्दर आशा तथा उज्यालो भविष्यबारे कसरी चिन्तन गर्न सक्नुभयो, अँध्यारो कोठामा बसेर सौन्दर्यचेतबारे कसरी छलफल गर्न सक्नुभयो, जेलका फलामे बारको कुनै परवाह नगरी विचारले ओतप्रोत आत्मीय भावना जीवनसङ्गीनीसम्म पुऱ्याउन सक्ने कस्तो बलियो मन ! कस्तो प्रेमिल मन ! यी र यस्ता प्रश्नले पाठकको हृदय झङ्कृत अवश्य गर्छन् । यी चिठीमार्फत हाम्रा अध्यक्ष्यज्यूको बेग्लै व्यक्तित्वसँग साक्षात्कार हुनेछ र शोभा भाउजूको समर्पित मन झन् नजिकबाट अनुभूत गर्न पाउनेछ ।

नेपाली भाषाबाट 'जेलका चिठीहरू' प्रकाशित भएको १२ वर्षपछि अङ्ग्रेजी भाषामा प्रकाशित भयो 'Letters From Jail' को नाममा । यी चिठीहरूले थप चमक पाएको धेरैले अनुभव गरे । थप व्यापकता पाएकोमा धेरैले खुसी व्यक्त गरे । Letters From Jail प्रबुद्ध पाठकहरूसमक्ष पुऱ्याउने क्रममा गत वर्षको भदौतिर काठमाडौँ विश्वविद्यालय कन्फुसियस सेन्टरमा पुगियो । डिरेक्टर डा. लि र नेपाली साथीहरूसँग भेटघाट एवम् कुराकानी भयो । त्यही बैठकमा यस पुस्तक चिनियाँ भाषामा अनुवाद नगरेसम्म अधुरो रहने मनसाय चिनियाँ मित्रहरूले राख्नुभयो । हाम्रो मनकै कुरा बुझेर भन्नुभएको अनुभव भयो । काम सुरु भयो । मिस चाङ र मित्र प्रणयको निरन्तरको प्रयासपश्चात् अनुवाद तयार भयो । सम्पादन कार्य पनि चाँडै सकाउनुभयो । विशेष आभार डा. लि, अनुवादकद्वय प्रणय र चाङप्रति । यसै विद्यालका चिनियाँ भाषा शिक्षिकाद्वय राजमती र आशमतीलाई सहयोगका लागि आभार । अन्य सहयोगी मित्रहरूलाई पनि धन्यवाद छ ।



आशा छ, चिनियाँ पाठकहरूले अभिरुचिपूर्वक पढ्नुहुनेछ र प्रतिक्रिया दिएर सहयोग गर्नुहुनेछ । चिनियाँ मित्रहरूका निम्ति नेपाल र नेपाली संस्कृति एवम् समाज हेर्ने एउटा आँखीझ्याल बन्ने पूर्ण विश्वास छ । यो पुस्तक नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध थप प्रगाढ बनाउने महत्त्वपूर्ण कृति साबित हुने विश्वास छ । चिनियाँ साहित्य नेपाली र अङ्ग्रेजी भाषामा पढ्ने अवसर पाएर नेपाली साहित्यानुरागीहरू खुसी भएझैँ नेपाली साहित्य चिनियाँ भाषामा पढ्न पाउँदा चिनियाँ पाठक मित्रहरू हर्षित हुनुहुने विश्वास छ । यस पुस्तकमा रहेका कमीकमजोरी अर्को प्रकाशनमा हटाइने वचनबद्धता पनि व्यक्त गर्दछु ।

आगामी दिनमा पनि काठमाडौँ विश्वविद्यालय कन्फुसियस सेन्टरसँग सहकार्य जारी रहने विश्वास छ । यस पुस्तकलाई यस विद्यालयबाट दोस्रो प्रकाशनको रूपमा प्रकाशित गर्ने अनुमति दिनुभएकोमा आदरणीय लेखक तथा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) प्रति आभार व्यक्त गर्दछु ।

***(उक्त विचार वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले बाल विकास स्कूलद्वारा आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिठीहरू' सार्वजनिकीकरण कार्यक्रममा राख्नुभएको मन्तव्यको सार सङ्क्षेप)***

# भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक बिरामी !



पाठक पत्र

भक्तपुर क्यान्सर अस्पतालको कर्मचारीको सेवा र सर्तसम्बन्धी विनियमावली टुङ्ग्याउन साउन ३ गते आइतबार अस्पताल व्यवस्थापन समितिको बैठकमा कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसे आफैँ अनुपस्थित रहेको 'मजदुर' दैनिकमा समाचार प्रकाशित भएपछि यसबारेमा बुझ्न कर्मचारीहरू साउन ४ गते सोमबार बिहान कार्यकारी निर्देशकको कार्यकक्षमा पुग्दा निर्देशक चालिसे 'बिरामी' भएको जानकारी पाएर छक्क परे । भ्रष्टाचार र मनपरीतन्त्रको पोल खुल्दै आउँदा उनी 'बिरामी' पर्न थालेको कर्मचारीहरूमा चर्चा चलेको छ । आफ्नै हस्ताक्षरमा अघिल्लो दिन बोलाइएको व्यवस्थापन समितिको औपचारिक बैठकमा आफैँ सम्पर्कविहीन हुनु र पछिल्लो दिन बिहानैदेखि बिनाजानकारी 'बिरामी' भएकोले अस्पतालमा हाजिर नहुनु संयोग मात्र नभएको तर्क सुनिन थाल्यो । कार्यकारी निर्देशकले अर्को डाक्टरलाई का.मु. दिइएको अस्पष्ट सूचना पनि कर्मचारीबिच फैलियो । यथार्थ के हो ?

अस्पतालमा कार्यरत तीन सयभन्दा बढी कर्मचारीहरूको भविष्यसँग जोडिएको विनियमावली पारित गर्न कार्यकारी निर्देशकलाई केले रोक्यो ? पर्दापछाडिको खलनायक को हो ? डा. चालिसेले कार्यकारी निर्देशक पद पाउन हिजो जसरी राजनैतिक शक्तिकेन्द्रको चाकडी गरेका थिए, आज कुन शक्तिकेन्द्रको आडमा कर्मचारीहरूको जीवनसँग खेलबाड गर्दै छन् ? क्यान्सर जस्तो प्राणघातक रोगको उपचारमा निरन्तर क्रियाशील बन्नुपर्ने डाक्टर आफैँ सम्पर्कविहीन हुनुले गैरजिम्मेवारीको पराकाष्ठा नाघेको प्रस्ट हुन्छ । अस्पतालमा कुनै अप्रिय घटना भएमा त्यसको जिम्मेवारी कसले लिन्छ ? कार्यकारी निर्देशक भएबापत नेपाल सरकारको प्रचलित नियमअनुसार पाउने पारिश्रमिक र सेवा सुविधाको झन्डै दोब्बर रकम असुलेका डा. चालिसले एक्सटेन्डेड हेल्थ सर्भिस अर्थात् विस्तारित उपचार सेवा (ईएचएस सेवा) बापत मासिक थप लाखौँ भत्ता पनि बुझ्ने गरेको देखिएको छ । मन्त्री र सत्ताधारी दलका नेता कार्यकर्ता तथा आफन्तहरूलाई गैरकानुनी नियुक्त गरेर भ्रष्टाचार गरेको समाचार बाहिर आएको छ । चारैतिरको दबाबमा परेका कार्यकारी निर्देशक डा. चालिसे 'बिरामी' हुनुको खास कारण अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरू मात्र नभई बिरामी र आफन्तहरूसमेतले बुझ्न थालेको चर्चा हुँदै छ ।

***- अस्पतालका एक जिम्मेवार कर्मचारी***

## सन्दर्भ : शोभा प्रधानको चौथो वार्षिक स्मृति सभा

# कैयौं प्रहारले गाल्न नसकेको वन्दनीय चट्टानी नारी ! -४




**Altruism का साक्षात् नमुना शोभा भाउजू**

१० वर्षदेखि विदुर जीवन बाँचेसँगै देकोचास्थित मेरो निवासमा विभिन्न नखाचखाको बेला हुनुपर्ने परिकारहरू बन्ने गर्दैन । आफू र आफ्ना छोराछोरीलाई व, चतामारी, योमरी, मारी (गहुँको रोटी) समेबजी तथा अन्य नेवारी परिकार खान मात्र आउँछ तर पकाउन जान्दैनौं । धेरै चोटि यसैकारण चाउचाउ एवम् सधैंजसो खाने सामान्य खानासँगै ती धार्मिक तथा परम्परागत उत्सवहरू मनायौं । त: दिन वा सिति नखाको बेला हरेक नेवार परिवारमा चतामारी, व, समेबजी तथा मासुका विभिन्न परिकार तयार भएकै हुन्छ । गाईजात्राको बेला क्वाटी, रोटी र योमरी पुन्हीको समयमा प्रत्येक परिवारमा कुरौनी, मासु, चाकु, मास र मुसुरो भरिएको योमरी बनाइएको हुन्छ । मासुका विभिन्न परिकार, अचार, फलफूल तथा दही सबैखाले नखाचखामा हुनैपर्छ । हाम्रो अवस्थालाई बुझेर हरेक वर्ष सम्भव नभए पनि कहिलेकाहीं ससुराली, दिदी, भाउजू, भाञ्जी र बुहारीहरूले नखाचखाअनुसारका परिकारहरू घरमा ल्याइदिनुहुन्थ्यो । घर सम्हाल्ने गृहिणी नहुँदाको पीडा यहींबेला फेरि बल्झिन्छ । अनि, स्वर सम्राट नारायण गोपालको यो कालजयी गीतले झस्काइदिन्छ -

*एउटा मान्छेको मायाले कति*
*फरक पर्दछ जिन्दगीमा*
*एउटा साथीको साथले पनि*
*फरक पर्दछ जिउनुमा*

कब्जियत (Constipation) को समस्याले घरिघरि सताइरहने हुँदा चिकित्सकले बेलाबखत बेलुकी रोटी खानु र रोटी उपलब्ध नभएको हकमा सुत्नुअघि १५-२० मिनेट हिंड्डुल गर्न Evening walk (साँझको हिंड्डुल) सुझाएका थिए । जीवन सङ्गिनीले कहिल्यै नफर्किने गरी आफूलाई एक्लै छाडी गएदेखि रोटी खाने अवसर गुमेपछि हरेक साँझ सुत्नुअघि Evening walk लाई नित्यकर्म बनाएँ र हालसम्म कायमै छ । Evening walk ले पेटको आन्द्रालाई खुम्चिनबाट रोक्ने काम गर्छ । आन्द्रा फुलेपछि कब्जियतको समस्यामा सुधार हुने गर्छ ।

घरमा एकचोटि म एक्लै भएको थाहा पाएपछि भाउजूले खानाको लागि बोलाउनुभयो । भोजन गर्दैगर्दा यसअघि कहिल्यै नचाखेको ट्वाक्क परेको हरियो रङ्गको मीठो अचारबारे भाउजूलाई सोधेँ । त्यो त सुवेग (भाउजूको जेठो सुपुत्र) ले जापानबाट ल्याएको हरियो खोर्सानीको अचार पो रहेछ ! त्यो अचार मलाई औधी मन परेको भाउजूलाई थाहा भयो । केही दिनपछि सानो सीसीमा त्यस्तै अचार मकहाँ पठाइदिनुभयो । स्वाद त्यस्तै ट्वाक्क र मीठो तर सीसीमा टाँस गरिएको कागजले प्रस्ट भन्थ्यो । त्यो जापानमा बनेको अचार अवश्य होइन । त्यसको रहस्य जान्ने कौतूहललाई मैले काबुमा राख्न नसकेपछि ढिलो नगरिकन फोनबाट सोधनी गर्दा भाउजू आफैले तयार गरेको जापानिज अचार रहेछ; म त तीनछक्क परेँ ! मेसो मिलाई आउने बेला मलाई असाध्यै मनपर्ने त्यो जापानिज आचार बनाउन सिकाइदिने वाचाअनुरूप म भाउजूलाई भेट्न गएँ, अनि राम्ररी सिकेँ । उहाँको कृपाप्रति म नतमस्तक भएँ । यो मीठो क्षण उहाँले स्तन क्यान्सरमाथि विजय हासिल गर्नुभएपछिको हो । कमजोर आर्थिक अवस्थाका कारण हाम्रोजस्तो दलाल पुँजीवादी देशमा सर्वसाधारण जनतालाई औषधोपचार एउटा ठूलो 'अभिशाप' भइरहेको यथार्थलाई वागीश्वरी स्कूलका प्रावि शिक्षिका शोभा प्रधानले राम्ररी बोध गर्नुभएको थियो । त्यसकारण, सोही विद्यालयको शिक्षक-कर्मचारी स्वास्थ्य उपचार कोष खडा गरी त्यसमा



वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी

धेरै नसके पनि उहाँले आफ्नो गच्छेअनुसार रु.२,००,०००।- (दुई लाख) को सहयोग गर्नुभएको मलाई थाहा छ ।

।७।

मेरो घरेलु दुर्दशासँग परिचित शोभा भाउजूले नखाचखाको बेला कमलविनायकमै सँगै मनाउन बोलाउनुहुन्थ्यो । तर, उहाँलाई दु:ख दिन हाम्रो मनले पनि मान्दैनथ्यो । मेरो परिवारलाई झन्झट नहोस् भन्ने पवित्र मनले तिहारको म्हा पूजा पनि उतै मनाउन धेरैपटक भन्नुभयो । तर, चार जनाको हाम्रो परिवारमा तीन जना छोराछोरीबिचको सल्लाहले 'जेठी माँ' लाई दु:ख दिनु ठीक ठानेनन् । यद्यपि, समयले साथ दिएको बखत विद्यालय सकाएर प्राय: शुक्रबारका दिन देकोचामा आउनुभइ हामी चार जनालाई पुग्ने गरी स्वारीजस्तो रोटी बनाएर जानुहुन्थ्यो । एकदिन अगावै समयको महत्त्वलाई ख्यालमा राखी रोटी बनाउन आवश्यक सामग्री ठिक्क पारी राख्न पूर्वजानकारी दिनुहुन्थ्यो । अनि, अर्को शुक्रबारको पर्खाइमा बस्ने बानी बस्यो । कुनै कुनै शुक्रबारले हामीलाई झुक्याई पनि दिन्थ्यो । लामो समयपछि पनि धेरैवटा शुक्रबारले खाली हात हल्लाई गएपश्चात् मेरा छोराछोरीका जेठीमाँको उपस्थिति देकोचामा नहुँदा मनमा अनेक कुरा खेल्न थाले । बुझ्दा स्तनपछि पाठेघरको अर्बुद रोगसँगको सङ्घर्षमा जेठीमाँ अति व्यस्त हुनुभएको थाहा पायौं । सबै जना दु:खी भयौं । तैपनि, जेठीमाँसँग नानीहरूको र भाउजूसँग मेरो भेट भइरहन्थ्यो । रोगले उहाँलाई बेस्सरी चिमोट्न थालेदेखि देकोचामा गहुँको रोटी पनि पाक्न छोड्यो । आफ्नो स्वास्थ्यको ख्याल गर्दै कब्जियतबाट बच्न पुन: Evening walk सुरु गरेँ । घरको जस्तो नभए पनि कहिलेकाहीं विद्यालयको चमेनागृहमा पकाएको रोटी किनेर घर लाने गर्छु ।

**'अरूभन्दा नि मलाई दाइको सान्है पिर लाग्छ'**

हाम्रो समाजमा अझै पनि पत्नीले आफ्नो पतिको नाम उच्चारण गर्न हुँदैन भन्ने कथन छ । सायद त्यसैले होला, गाउँघरतिर श्रीमतीले आफ्नो श्रीमान्लाई बोलाउँदा 'ए ! सानीका बा', 'ए ! बुढा', 'ए ! हजुर यता सन्नुस त' भन्ने गर्छन् । आफूलाई पश्चिमी संसारको अत्याधुनिक वातावरणबाट प्रभावित भएजस्तो गरी देखाउनका लागि अचेल श्रीमतीले आफ्नो श्रीमान्लाई 'Hi, handsome' र श्रीमान्ले आफ्नी श्रीमतीलाई 'Hi baby' भनेर बोलाउने नयाँ चलनका बारे धेरैलाई थाहा छ । तर, नेमकिपाका अध्यक्षले आफ्नी श्रीमतीलाई 'शोभा मिस' र शोभा प्रधानजीले आफ्नो श्रीमान् (अध्यक्ष) लाई 'दाइ' भनेर सम्बोधन गर्नुहुन्थ्यो ।

पाटनको हरिसिद्धिस्थित Nepal Cancer Hospital and Research Centre मा शोभा भाउजूको औषधोपचार हुँदै थियो । उहाँको अवस्था जटिल भएको जानकारी दिइयो । अस्पतालको विभिन्न कक्ष र चउर आफन्तजन, शुभचिन्तक र पार्टीका साथीहरूले भरिएका थिए । उपस्थित सबैको अनुहार मलिन थियो । आफ्नी माइजूको कष्टकर अवस्थाको खबरले अस्पताल पुगेका बेचैन भान्जा राजन फाजूलाई अध्यक्षज्यूले "आजको 'मजदुर' मा प्रकाशित तिम्रो रचना हेर्न पाएको छैन; हेरेपछि प्रतिक्रिया दिउँला है !" भनेको सुनेपछि भान्जा बाबूलाई आफ्नो मामाप्रतिको विद्यमान सम्मान, आदर, मानभाउ र प्रतिष्ठाको उचाइ झनै बढेको अनुभूति भएछ । भोलिपल्ट उनले मसँग गर्वसाथ उनको





✍ राजामान बिजुक्छें

भावना साझा गरे । यस्तो घनघोर छटपटिको अवस्था र आफू स्वयम् पनि हृदयविदारक क्षणमा हुँदा समेत नयाँ लेख- रचना सृजना गर्ने, नयाँ पुस्ताका युवालाई बौद्धिक क्षेत्रमा लाग्न अभिप्रेरित गर्ने, आफ्नो मामाको सुन्दर बानी, हरबखत अध्ययनमै तल्लीन, पार्टीको काम, कार्यकर्ता र कार्यक्रमबारे अस्पतालमा सन्नाटाले छाएको बेला पनि चिन्ता ! भान्जा बाबूलाई आफ्नो मामाप्रति यी विषयमा निकै गर्व अनुभूत भएछ ।

सुनेअनुसार बिरामीको छटपटाहट र पीडा न्यून गर्न अन्तिम अवस्थामा दिइने High dose को Pain killer (दुखाइ कम गर्ने कडा सुइ) को बारे भाउजूलाई थाहा भइसकेपछि भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीसँगको अन्तिम भेटमा उहाँलाई भाउजू शोभा प्रधानले 'दाइ' को सान्है पिर लाग्ने कुरा बताउनुभएको रहेछ । नेमकिपाका आदरणीय अध्यक्षलाई कुन बेला के वस्तुको खाँचो हुन्छ; उहाँको कुन वस्त्र कहाँ छ; आफ्नो श्रीमान्लाई भन्दा पनि नेमकिपाको सही नेतृत्व गर्दै आउनुभएका इमानदार र स्वच्छ छविका स्वाभिमानी अध्यक्षलाई सादा भोजन खाने भए पनि कुन बेला के नास्ता र खानाको आवश्यकता हुन्छ; यी सम्पूर्ण घरायसी कुराहरू शोभा भाउजूलाई मात्र थाहा थियो । आफ्नो स्वअध्ययन, राजनीतिक काम, कर्तव्य र पार्टीको क्रियाकलापसँगसँगै घरेलु कामकारबाहीमा पनि अध्यक्षज्यू पूर्णतया आफूमा निर्भर हुनुहुन्छ भन्ने बुझेर नै अन्तिम क्षणमा पनि शोभा भाउजूले एउटै मात्र पिर बोकेर भन्नुभएको थियो, "अरूभन्दा नि मलाई दाइको सान्है पिर लाग्छ !"

**समाप्त**

**सच्याइएको छ**

यस 'मजदुर' दैनिकको साउन ४ गते पृष्ठ ५ मा प्रकाशित 'कैयौं प्रहारले गाल्न नसकेको वन्दनीय चट्टानी नारी !' शीर्षकको लेखमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी हुनुपर्नेमा अन्यथा हुन गएकोमा सच्याइएको छ ।-सं

# एसएमआर सहयोगमा अमेरिका, जापान, दक्षिण कोरिया प्रत्येकको आ-आफ्नै हिसाब छ

✍ झान डेबिन

भर्खरै संरा अमेरिका, जापान र दक्षिण कोरियाका विदेश मन्त्रीहरूले टर्कीको अङ्कारामा नाटो शिखर सम्मेलनको साइडलाइनमा तेस्रो देशहरूमा साना मोड्युलर रिएक्टरहरू (एसएमआरहरू जसलाई आणविक विखण्डन रिएक्टरहरूको आकस्मिक वर्ग पनि भनिन्छ) को तैनाथीमा सहयोग गर्ने सम्झौतामा हस्ताक्षर गरे । ऊर्जा सङ्क्रमण, औद्योगिक ताप सर्जक र नागरिक बिजुली आपूर्तिमा केन्द्रित हुनुपर्ने सम्झौता सैन्य र सुरक्षा प्रभावहरूले भरिएको शिखर सम्मेलनमा हस्ताक्षर गरे ।

यसले संरा अमेरिका, जापान र दक्षिण कोरियाले एसएमआर मुद्दाहरूमा शीतयुद्धको मानसिकता लागू गरिरहेको देखाउँछ । तिनीहरू एक विशेष सानो सर्कल निर्माण गर्न र सामान्य ऊर्जा र प्राविधिक सहयोगलाई "प्राविधिक भूराजनीति" को नयाँ उपकरणमा परिणत गर्ने प्रयास गरिरहेका छन् ।

तीन देशहरूद्वारा जारी गरिएको जानकारीका अनुसार, एक समन्वित त्रिपक्षीय दृष्टिकोणले अमेरिकी, जापानी र दक्षिण कोरियाली फर्महरूलाई यस क्षेत्रका साझेदारहरूलाई उनीहरूको बढ्दो ऊर्जा मागहरू पूरा गर्न र आणविक सुरक्षा र अप्रसारको उच्चतम मापदण्डहरू कायम राख्न थप प्रतिस्पर्धी विकल्पहरू प्रदान गर्ने स्थिति दिन्छ ।

सामान्य औद्योगिक सहयोग समस्या होइन । मुद्दा यो तथ्यमा निहित छ कि सहभागी देशहरूले यसलाई सुरुदेखि नै बलियो भूराजनीतिक उच्च महत्त्व प्रदान गरेका छन् ।

दक्षिण कोरियाली मिडियाले यसलाई चीन र रुसको प्रतिरोध गर्ने उद्देश्यले "रणनीतिक गठबन्धन" को रूपमा वर्णन गर्दछ र सुझाव दिन्छ कि तीन देशहरूले संरा अमेरिकाको डिजाइन प्रविधि, जापानको आपूर्ति शृङ्खला र दक्षिण कोरियाको निर्माण क्षमताहरूबिचको तालमेलमार्फत एसएमआर प्रविधिको लागि मानक विकास गर्ने परिकल्पना गर्छन् ।

अमेरिकी पक्षमा, यी देशहरूलाई स्थिर र किफायती स्वच्छ ऊर्जा सुरक्षित गर्न मद्दत गर्न र चीन र रुसले प्रस्ताव गरेको ऊर्जा समाधानहरू अपनाउनबाट रोक्नमा बढी ध्यान केन्द्रित भएको देखिन्छ । संरा अमेरिका, जापान र दक्षिण कोरियाले मात्र मूल्यमा प्रतिस्पर्धा गर्न सङ्घर्ष गरिरहेकोले, तिनीहरूले बजार छनोटहरूलाई प्रभाव पार्न सुरक्षा बयान, गठबन्धन प्रणाली र नियामक अवरोधहरू प्रयोग गर्ने प्रयास गरिरहेका छन् ।

दक्षिण कोरियाली सरकारले बारम्बार खेमा भिडन्तको विरोध गरेको छ र "व्यावहारिक कूटनीति" मा जोड दिएको छ, यद्यपि यसले एसएमआर मुद्दामा खेमा भिडन्तको फाइदाहरू सक्रिय रूपमा खोज्छ । यो विरोधाभास, कार्यमा सामेल हुँदा शब्दहरूमा खेमा भिडन्तको विरोधले - एक अवसरवादी मानसिकता झल्काउँछ ।

यसले एउटा मुख्य प्रश्न खडा गर्छ: ती देशहरूलाई वास्तवमा के चाहिन्छ, उनीहरूको राष्ट्रिय अवस्थाहरू पूरा गर्ने र किफायती ऊर्जा समाधानहरू वा अमेरिकी भूराजनीतिक रणनीतिलाई सेवा गर्ने ऊर्जा विकल्पहरू ?

संरा अमेरिकाले लामो समयदेखि यसको आपूर्ति शृङ्खला र आणविक इन्धन क्षमताहरूमा कमजोरीहरूकासाथ आणविक ऊर्जा निर्माणमा ढिलाइको सामना गरिरहेको छ । फुकुशिमा आणविक दुर्घटनापछि जापान ऊर्जा संरचना र सार्वजनिक स्वीकृति मुद्दाहरूसित सङ्घर्ष जारी छ । आफ्नै नसुल्झेका समस्याहरू भएका देशहरूका लागि ऊर्जा मार्गहरू निर्देशन गर्ने स्पष्ट रूपमा प्रेरणाको कमी छ ।

विशेष गरी दक्षिण कोरियाले यस ज्ञापनपत्रबाट धेरै ठूलो अपेक्षा राख्नु हुँदैन । सियोलले अमेरिकाको नेतृत्वमा एसएमआर आपूर्ति शृङ्खलामा भाग लिएर आफ्नो आणविक उद्योग क्षमताहरू बढाउने र युरेनियम संवर्धन र इन्धन प्रशोधन अधिकारहरू प्राप्त गर्ने लाभ उठाउने आशा राखेको छ । तर के अमेरिकाले साँच्चै नै महत्त्वपूर्ण आणविक क्षमताहरू दक्षिण कोरियालाई हस्तान्तरण गर्नेछ ?

वाशिङ्टनलाई के चाहिन्छ सियोलको निर्माण र निर्माण क्षमता हो, तर यसले स्वतन्त्र डिजाइन, इन्धन निपुणता र स्वायत्त निर्यात गर्ने सक्षम प्रतिस्पर्धीलाई पोषण गर्ने सम्भावना छैन ।

त्रिपक्षीय सहयोग प्रवर्द्धन गरेर संरा अमेरिकाले दक्षिण कोरियालाई अन्तर्राष्ट्रिय बजारमा "एकल जान" बाट रोक्न दक्षिण कोरियाको आपूर्ति शृङ्खलाको लाभ उठाउने र यसलाई अमेरिकी-प्रभुत्व प्रविधि, इन्धन र निर्यात इजाजतपत्र प्रणालीमा एकीकृत गर्ने लक्ष्य राखेको छ । एक पटक संरा अमेरिकाले एक वास्तविक समान नियम निर्माताको सट्टा डिजाइन प्रमाणीकरण, आणविक इन्धन र निर्यात अनुमतिहरू नियन्त्रण गरेपछि, दक्षिण कोरिया सम्भवत: एक "उच्च-स्तरीय निर्माता" र "इन्जिनियरिङ ठेकेदार" मात्र रहनेछ ।

यस परिदृश्यमा, एसएमआरहरू ऊर्जा सङ्क्रमण समाधानबाट गुटहरू बनाउन, आपूर्ति शृङ्खलाहरू नियन्त्रण गर्न र दीर्घकालीन निर्भरता सिर्जना गर्ने उपकरणमा रूपान्तरण हुने जोखिममा छन् । यसबारे दक्षिण कोरियाले मूर्खतापूर्ण व्यवहार गर्नुहुँदैन । चाहे एसिया-प्रशान्त क्षेत्रमा होस् वा अन्य ठाउँमा, कुनै पनि देशहरूलाई वास्तवमै चाहिन्छ सुरक्षित, भरपर्दो, किफायती र दिगो रूपमा वित्तीय ऊर्जा समाधानहरू जसले विभिन्न शिविरहरू बिचको पक्ष छनोट गर्न बाध्य नगरिने स्वायत्त छनोटलाई अनुमति दिन्छ ।

***(लेखक शाङ्घाई युनिभर्सिटी अफ इन्टरनेशनल बिजनेस एण्ड इकोनोमिक्सको सेन्टर फर कोरियन पेनिन्सुला स्टडीजका निर्देशक र प्रोफेसर हुनुहुन्छ ।)***

# अमेरिकी आक्रमणपछि इरानको प्रतिकार तीव्र



तेहरान, २० जुलाई (एएफपी)। संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध लगातार नवौँ रात हवाई आक्रमण सञ्चालन गरेपछि मध्यपूर्वमा युद्ध थप चर्किएको छ। अमेरिकी आक्रमणसँगै कुवेत, बहराइन, जोर्डन र सिरियासम्म सुरक्षा अवस्था तनावपूर्ण बनेको छ भने इरानले पनि आफ्नो प्रतिआक्रमणलाई तीव्र बनाएको जनाएको छ।

अमेरिकी सेनाको केन्द्रीय कमाण्ड (सेन्टकम) ले आइतबार राति इरानमाथि नयाँ हवाई आक्रमण सुरु गरिएको पुष्टि गर्दै यसको उद्देश्य हर्मुज जलडमरुमा व्यापारिक जहाज तथा नागरिक जल यातायातमाथि आक्रमण गर्न प्रयोग भइरहेका इरानी सैन्य क्षमतालाई कमजोर पार्नु रहेको जनाएको छ। सेन्टकमका अनुसार यो लगातार नवौँ रातको आक्रमण हो।

यससँगै बहराइनले हवाई आक्रमणको साइरन बजाउँदै नागरिक तथा बासिन्दालाई तत्काल सुरक्षित स्थानमा जान आग्रह गरेको छ। कुवेतले पनि इरानी आक्रमणपछि आफ्नो हवाई प्रतिरक्षा प्रणालीले शत्रुतापूर्ण ड्रोनहरू अवरोध गरेको जनाएको छ। कुवेती सेनाका अनुसार सुनिएका विस्फोटहरू ती ड्रोनहरूलाई प्रतिरक्षा प्रणालीमार्फत निष्क्रिय पार्ने क्रममा भएका थिए।

इरानको रिभोलुसनरी गार्ड्सले भने सिरियाको अल-तान्फ क्षेत्रमा रहेको शत्रुपक्षको विशेष अपरेसन कमान्ड सेन्टरमाथि 'आश्चर्यजनक आक्रमण' गरिएको दाबी गरेको छ। सरकारी समाचार एजेन्सी आइआरएनएका अनुसार उक्त आक्रमण दक्षिणपूर्वी इरानको इश्फाहान सहरमा मारिएका सैनिकहरूको बदलास्वरूप गरिएको हो।

इरानले आइतबार कुवेतस्थित दुई अमेरिकी सैन्य अड्डालाई पनि लक्षित गरी आक्रमण गरेको जनाएको थियो। तेहरानले अमेरिकाले निर्माणाधीन आणविक ऊर्जा केन्द्रसहित यातायात तथा पूर्वाधार संरचनामाथि निरन्तर आक्रमण गरिरहेकाले त्यसको प्रतिकारस्वरूप आफ्ना कारबाही जारी रहेको दाबी गरेको छ। जोर्डनले पनि आइतबार आफ्नो आकाशमा प्रवेश गरेका मिसाइलहरू अवरोध गरेको जानकारी दिएको छ।

फेब्रुअरी २८ देखि सुरु भएको युद्धको केन्द्रमा रहेको हर्मुज जलडमरु अझै तनावको केन्द्र बनेको छ। विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति हुने यो जलमार्गमा इरानले जहाज आवतजावतमा अवरोध गर्दै आएको छ। आइतबार रिभोलुसनरी गार्ड्सले जलडमरु पार गर्ने प्रयास गरिरहेका चार जहाजमध्ये दुईलाई रोकेको र अन्य दुई जहाजले यात्रा नै स्थगित गरेको दाबी गरेको छ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालैका अमेरिकी आक्रमणले अमेरिकी सैनिकमाथि भएका आक्रमणको कडा जवाफ दिएको बताउनुभएको छ। सेन्टकमका अनुसार पछिल्ला घटनामा तीन अमेरिकी सैनिकको मृत्यु भएको छ भने एक सैनिक अझै बेपत्ता छन्। फेब्रुअरीदेखि जारी युद्धमा अमेरिकी सैन्य हताहतको पुष्टि भएको सङ्ख्या १७ पुगेको छ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार हालैको लडाइँमा कम्तीमा ५० जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी घाइते भएका छन्।

युद्धसँगै कूटनीतिक प्रयास भने प्रभावहीन देखिएका छन्। विभिन्न मध्यस्थकर्ताले दुवै पक्षलाई पुनः वार्तामा फर्काउने प्रयास गरिरहेका भए पनि अहिलेसम्म कुनै प्रगति हुन सकेको छैन। इरानका केन्द्रीय सैन्य कमाण्डर अली अब्दुल्लाहीले थप अमेरिकी आक्रमण भए निर्णायक र विनाशकारी जवाफ दिइने चेतावनी दिनुभएको छ।

यसैबिच, इरानको आणविक ऊर्जा सङ्गठनले अमेरिकाले देशको दक्षिणपश्चिममा रहेको निर्माणाधीन डार्कहोभिन आणविक ऊर्जा केन्द्रमा आक्रमण गरेको आरोप लगाउँदै त्यसलाई अन्तर्राष्ट्रिय कानुनविपरीतको आक्रामक कदम भनेको छ। संयुक्त राष्ट्रसङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले घटनाको अध्ययन भइरहेको जनाएको छ। एजेन्सीले उक्त केन्द्रमा आफ्नो पछिल्लो निरीक्षणका क्रममा कुनै पनि आणविक सामग्री नरहेको उल्लेख गरेको छ। आइएइएका महानिर्देशक राफेल ग्रोसीले सबै आणविक संरचनाको वरिपरि सैन्य संयम अपनाउन पुनः आग्रह गर्नुभएको छ।

# प्रश्नपत्र चुहावटविरुद्ध भारतमा युवा आन्दोलन चर्कियो

नयाँदिल्ली, २० जुलाई (एपी)। प्रहरीले अनुमति नदिए पनि शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै युवाहरूको नेतृत्वमा रहेको 'कक्रोच' आन्दोलनका हजारौँ समर्थक सोमबार संसद् भवनतर्फ मार्च गर्ने उद्देश्यले नयाँदिल्लीमा भेला भएका छन्।

राजधानीको जन्तरमन्तर क्षेत्रमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको छ भने संसद् आसपास सुरक्षा व्यवस्था कडा पारिएको छ। प्रदर्शनकारीहरूले अघि बढ्ने प्रयास गरे झडप हुन सक्ने भन्दै प्रहरीले उनीहरूलाई लाउडस्पीकरमार्फत तितरबितर हुन आग्रह गरेको छ।

प्रदर्शनमा विद्यार्थी, विभिन्न पेशाका व्यक्तिहरू तथा परिवारसहितका सर्वसाधारण सहभागी भएका छन्। उनीहरूले भारतीय झण्डा बोकेर शिक्षामन्त्री प्रधान र प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध नाराबाजी गरेका छन्।



'कक्रोच जनता पार्टी' नामबाट परिचित यो आन्दोलन मे महिनामा सर्वोच्च अदालतका प्रधानन्यायाधीशले एक फरक मुद्दाको सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच' (साङ्ला) सँग तुलना गरेपछि सुरु भएको हो। प्रदर्शनकारीहरूले उक्त टिप्पणीलाई व्यङ्ग्यात्मक रूपमा आत्मसात गर्दै सामाजिक सञ्जालमार्फत आन्दोलनलाई व्यापक बनाएका हुन्।

मेडिकल कलेज र सरकारी सेवाका प्रवेश परीक्षाको प्रश्नपत्र पटक-पटक चुहिएको घटनापछि बढेको असन्तुष्टिले आन्दोलनलाई थप बल दिएको हो। शनिबार अनशनरत अभियन्ता सोनम वाङचुकलाई प्रहरीले अस्पताल लगेको घटनापछि आन्दोलनले अझ व्यापक समर्थन पाएको छ।

प्रदर्शनकारीहरू विगत एक महिनादेखि जन्तरमन्तरमा धर्ना दिँदै आएका छन्। उनीहरूले शिक्षामन्त्रीको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहिएपछि आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन्।

वाङचुकले सरकारले शिक्षा प्रणालीको सुधारका लागि ठोस प्रतिबद्धता जनाए वा प्रदर्शनकारीलाई संसद्सम्म पुग्न दिएर सांसदहरूले यी मुद्दा संसद्मा उठाउने सुनिश्चित गरेमा मात्र आफ्नो करिब तीन सातादेखिको अनशन अन्त्य गर्ने बताउनुभएको छ।

दिल्ली प्रहरीले भने संसद्को मनसुन अधिवेशन सुरु भएकाले सुरक्षा कारण देखाउँदै मार्चको अनुमति नदिइएको जनाएको छ।

प्रधानमन्त्री मोदी नेतृत्वको सरकारका लागि यो आन्दोलन सार्वजनिक रूपमा देखिएको दुर्लभ चुनौती बनेको छ। विपक्षी दल, नागरिक अधिकारकर्मी तथा केही बलिउड कलाकारहरूले पनि आन्दोलनप्रति समर्थन जनाएका छन्।

यद्यपि, सरकारका वरिष्ठ मन्त्रीहरूले आन्दोलनप्रति कडा धारणा अपनाएका छन्।

प्रदर्शनमा सहभागी योग प्रशिक्षक ज्योति राजपुतले शिक्षा प्रणालीमा सुधारका लागि आन्दोलनमा सहभागी भएको बताउँदै सरकार विद्यार्थीहरूको पीडाप्रति संवेदनशील नभएको आरोप लगाउनुभयो।

## विश्व सङ्क्षेप

### बर्नह्याम बेलायतको नयाँ प्रम

लन्डन, २० जुलाई (एएफपी)। बेलायतमा नेतृत्व परिवर्तनसँगै लेबर पार्टीका एन्डी बर्नह्याम सोमबार प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दै हुनुहुन्छ। पछिल्लो एक दशकमा बेलायतका सातौँ प्रधानमन्त्री बन्न लाग्नुभएका बर्नह्यामले सुस्त अर्थतन्त्र, बढ्दो जीवनयापनको लागत, आप्रवासन, सार्वजनिक ऋण र अन्तर्राष्ट्रिय अस्थिरताजस्ता जटिल चुनौतीबिच सरकारको नेतृत्व सम्हाल्न लाग्नुभएको हो।

दुई वर्षअघि १४ वर्ष लामो कन्जर्भेटिभ शासन अन्त्य गर्दै लेबर पार्टीलाई सत्तामा ल्याउनुभएका किर स्टारमरको स्थानमा बर्नह्याम प्रधानमन्त्री बन्न लाग्नुभएको हो। गत महिना स्टारमरले पार्टी नेतृत्वबाट राजीनामा दिएपछि लेबरले ५६ वर्षीय बर्नह्यामलाई नयाँ नेता चयन गरेको थियो।

राजा चार्ल्स तृतीयले सरकार गठनका लागि निमन्त्रणा दिएपछि बर्नह्यामले सोमबार बकिङ्घम दरबारमा औपचारिक भेट गर्ने र त्यसपछि प्रधानमन्त्री निवास १० डाउनिङ स्ट्रिट बाहिर आफ्नो पहिलो सम्बोधन गर्ने कार्यक्रम छ। उहाँले सरकारप्रतिको जनविश्वास पुनःस्थापित गर्ने, जीवनयापनको लागतबाट नागरिकलाई राहत दिने तथा स्थानीय समुदायलाई थप अधिकार र विकासका अवसर उपलब्ध गराउने प्राथमिकता सार्वजनिक गर्ने अपेक्षा गरिएको छ।

सोमबार नै नयाँ मन्त्रिपरिषद्को प्रारम्भिक संरचना पनि सार्वजनिक हुने सम्भावना छ। विशेषगरी वित्तमन्त्री राहेल रिभ्सको स्थानमा कसलाई नियुक्त गरिने भन्ने विषयलाई विशेष चासोका साथ हेरिएको छ।

स्टारमरले घोटाला, नीतिगत विवाद र पटक-पटकका निर्णय परिवर्तनपछि जुन अन्त्यतिर प्रधानमन्त्री तथा लेबर पार्टीको नेताबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो। त्यसको केही सातापछि मात्रै बर्नह्याम राष्ट्रिय राजनीतिमा फर्किएर प्रधानमन्त्री बन्न लाग्नुभएको हो।

### उत्तरी भियतनाममा बाढी र पहिरोबाट पाँच जनाको मृत्यु, तीन बेपत्ता

हनोइ, २० जुलाई (सिन्हवा)। उत्तरी भियतनाममा गत साता परेको भारी वर्षासँगै आएको आकस्मिक बाढी र पहिरोका कारण मृत्यु हुनेको सङ्ख्या पाँच पुगेको छ भने तीन जना अझै बेपत्ता रहेको विपद् तथा बाँध व्यवस्थापन प्राधिकरणले सोमबार जनाएको छ। प्राधिकरणका अनुसार विपद्मा परी १० जना घाइते भएका छन्। हताहत हुने सबै व्यक्तिलाई चाउ प्रान्तका रहेका छन्। गत बुधबारदेखि आइतबारसम्म परेको अविरल वर्षाका कारण उक्त क्षेत्रमा बाढी र पहिरो गएको थियो। विपद्ले व्यापक भौतिक क्षति पुऱ्याएको छ। प्रारम्भिक विवरणअनुसार ४२७ घर पूर्ण रूपमा ध्वस्त वा क्षतिग्रस्त भएका छन् भने उच्च जोखिमयुक्त क्षेत्रबाट करिब १४० परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। विपद्बाट भएको आर्थिक क्षति करिब ३६२ दशमलव ४६ अर्ब भियतनामी डङ (करिब एक करोड ४३ लाख अमेरिकी डलर) बराबर रहेको अनुमान गरिएको छ। स्थानीय अधिकारीहरूले क्षतिको विस्तृत विवरण सङ्कलन तथा बेपत्ताको खोजी कार्य जारी राखेका छन्।

### कङ्गोमा इबोला प्रकोप तीव्र, मृत्यु हुनेको सङ्ख्या १३० पुग्यो

बुनिया, २० जुलाई (एपी)। कङ्गोमा फैलिएको इबोलाको प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या कम्तीमा १३० पुगेको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार शनिबारसम्म देशभर दुई हजार ३४४ जनामा सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा मात्र ३७ जनाको मृत्यु भएको छ, जुन एकै दिनमा भएको उच्च मृत्युमध्ये एक हो।

पूर्वी कङ्गोमा गत मे १५ मा घोषणा गरिएको यो इबोला प्रकोप हालसम्मकै तीव्रगतिमा फैलिएको प्रकोप भएको अधिकारीले बताएका छन्। यसपटक फैलिएको 'बुन्डिबुग्यो' प्रजातिको इबोला भाइरस अन्य प्रकारको तुलनामा कम देखिने भए पनि यसविरुद्ध हालसम्म स्वीकृत खोप वा उपचार विधि उपलब्ध छैन। सबैभन्दा बढी प्रभावित इतुरी प्रान्तमा सुरक्षा चुनौतीका कारण रोग नियन्त्रण तथा उपचारका प्रयास प्रभावित भइरहेका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार प्रकोप घोषणा भएयता स्वास्थ्य केन्द्र र उपचार टोलीमाथि कम्तीमा १२ वटा आक्रमण भएका छन्। यसैबिच, तलब नपाएको विरोधमा केही स्वास्थ्यकर्मीले काम छाडेका छन्। भाइरस सङ्क्रमणका कारण कम्तीमा ३६ जना स्वास्थ्यकर्मीको मृत्यु भइसकेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार हाल ७२४ जना सङ्क्रमित आइसोलेसन तथा अस्पतालमा उपचाररत छन्। प्रभावित क्षेत्रमा रोग नियन्त्रण, सङ्क्रमितको उपचार र निगरानीका प्रयासलाई तीव्र पारिएको जनाइएको छ।

### 'एल मेयो' लाई आजीवन कारावास

न्युयोर्क, २० जुलाई (एपी)। मेक्सिकोको शक्तिशाली सिनालोआ लागुऔषध गिरोहका सह-संस्थापक इस्माइल 'एल मेयो' जाम्बडालाई अमेरिकी सङ्घीय अदालतले सोमबार आजीवन कारावासको सजाय सुनाएको छ। दशकौँसम्म अन्तर्राष्ट्रिय लागुऔषध तस्करी सञ्जाल सञ्चालन गरेको अभियोगमा दोषी ठहर भएका जाम्बडाविरुद्धको यो फैसलालाई अमेरिकी सरकारले लामो समयदेखि चलाउँदै आएको कारबाहीको महत्त्वपूर्ण निष्कर्षका रूपमा हेरिएको छ।

ब्रुकलिनस्थित सङ्घीय अदालतले गत वर्ष लागुऔषध तस्करी, निरन्तर आपराधिक उद्यम सञ्चालन, ऱ्याकेटियरिङ षड्यन्त्र तथा ८५ वटा आधारभूत आपराधिक कसुरमा दोषी ठहर भएका ७६ वर्षीय जाम्बडालाई आजीवन कारावाससँगै १५ अर्ब अमेरिकी डलर आर्थिक जरिवानासमेत सुनाएको हो। अभियोजन पक्षका अनुसार उक्त रकम सिनालोआ गिरोहले अवैध कारोबारबाट आर्जन गरेको आयको प्रतिनिधित्व गर्छ।

अभियोजनकर्ताका अनुसार जाम्बडा र उनका सह-संस्थापक जोआक्विन 'एल चापो' गुजमानले सिनालोआ गिरोहलाई विश्वकै सबैभन्दा शक्तिशाली लागुऔषध तस्करी सङ्गठन बनाएका थिए। उनीहरूको सञ्जालमार्फत अमेरिकामा ठूलो परिमाणमा कोकिन, फेन्टानिल, मेथाम्फेटामिनलगायतका लागुऔषध तस्करी गरिएको थियो। जाम्बडालाई कार्टेलको मुख्य रणनीतिकार तथा दैनिक सञ्चालनको प्रमुख योजनाकारका रूपमा लिइन्थ्यो।

# के अमेरिकाले इरानका दक्षिणी टापुहरू नियन्त्रणमा लिन सक्ला ?

✍ निल्स आद्लर

अमेरिकी सेनाले हालैका दिनहरूमा इरानका केश्म, किश र अबु मुसा टापुहरूमा प्रहार गरेको छ। यससँगै इरानको दक्षिणी तटस्थित बन्दरअब्बाससहितका बन्दरगाह सहरहरूमा पनि तीव्र आक्रमण गरिएको छ।

यी आक्रमणहरूले इरानमाथिको अमेरिका-इजरायल युद्धको सुरुवाती हप्तादेखि नै झुन्डिएको प्रश्नलाई पुनर्जीवित पारेको छः के वासिङटनले इरानी भूभाग कब्जा गर्ने तयारी गरिरहेको छ ?

गत मार्चमा, युद्ध सुरु भएको एक महिनापछि दुई नाम नखुलाउने अमेरिकी अधिकारीहरूले द वासिङटन पोस्टलाई बताएअनुसार अमेरिकी रक्षा विभाग खार्ग टापुमा छापा मार्ने तयारीमा छ, जहाँबाट इरानको कच्चा तेल निर्यातको लगभग ९० प्रतिशत भाग जान्छ। यी टिप्पणीहरूले भूमिगत कारबाही (Ground Operation) को अनुमानलाई बढावा दिए।

जून १७ मा दुई पक्षले समझदारीपत्रमा हस्ताक्षर गरेपछि (टापु) कब्जाको चर्चा सेलाएको थियो। तर सोमबार फक्स न्यूजको अन्तर्वार्तामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई नकार्न अस्वीकार गरेपछि परिदृश्य फेरि टेबलमा आएको छ।

यस्तो कारबाहीको बारेमा सोध्दा ट्रम्पले भने "म तपाईंलाई त्यो भन्न सक्दिन किनकि यदि मैले त्यसो गरेँ भने, यो मूर्खतापूर्ण हुनेछ।"

**त्यसो भए के यो युद्धकारी बयानबाजी हो वा वास्तविक सम्भावना ?**

इरानी टापुहरू कब्जा गर्ने अमेरिकी क्षमता

'साँघुरो रणनीतिक अर्थमा', अमेरिकासँग इरानी टापुहरू कब्जा गर्ने सैन्य क्षमता छ, लन्डनको किङ्स कलेजका सुरक्षा अध्ययनका सह-प्राध्यापक एन्ड्रियास क्रिगले अल जजीरालाई भने।

"पर्याप्त हवाई, नौसैनिक र उभयचर शक्ति (amphibious power) र त्यसपछि हुने सम्भावित उग्र प्रतिक्रियालाई अवशोषित गर्ने इच्छाशक्ति भएमा अमेरिकाले कुनै सानो इरानी टापु कब्जा गर्न सक्छ," उनले भने। अमेरिकासँग मध्यपूर्वभरि करिब पच्चास हजार सैनिक तैनाथ छन्; जसमा ठुला स्थायी अड्डा तथा साना अग्र-चौकीहरूमा रहेका कर्मचारीहरू पनि समावेश छन्।


टापुहरू कब्जा गर्ने क्षमताभन्दा पर, अमेरिकासँग ती टापुहरूलाई कब्जा गरेर नियन्त्रणमा राख्ने सैन्य र रसद क्षमता पनि छ किनकि संरा अमेरिका अझै पनि "विश्वको अग्रणी सैन्य शक्ति" हो, मध्यपूर्व राजनीति विशेषज्ञ तथा जर्जटाउन विश्वविद्यालयका प्राध्यापक नादेर हाशेमीले अल जजीरालाई बताए।

हाशेमीले भने, "प्रश्न भनेको लागत कति हो भन्ने हो।"

"एउटा टापुलाई अस्थायी रूपमा कब्जा गर्नु भनेको त्यसलाई नियन्त्रणमा राख्नु, आपूर्ति गर्नु र त्यसबाट रणनीतिक लाभ उठाउनुभन्दा धेरै फरक छ," क्रिगले भने।

उनले भने, "केश्म टापु विशेष गरी गाह्रो हुनेछ किनभने यो एक ठुलो टापु हो जुन टाढा एकान्त अवस्थित होइन बरू इरानी मुख्य भूमिबाट नजिकै छ।"

हेङ्गामजस्ता साना टापु सजिलै कब्जा गर्न सकिन्छ तर इरानी (Artillery) गोलावारी, ड्रोन, क्षेप्यास्त्र र साना डुङ्गाहरूको झुण्डको हमलाको पहुँचमा रहनेछन्। अनि




हर्मुज जलडमरू

एकैचोटि धेरै टापुहरू कब्जा गर्नु "सीमित आक्रमण होइन, एक प्रमुख मिश्रित अभियान (Amphibious Campaign) हुनेछ," क्रिगले भने।

टापुहरू कब्जा गर्दैमा इरानले हर्मुजको जलडमरूमा अवरोध पुऱ्याउनबाट पनि रोक्ने छैन। उनले भने कि यसले तेहरानलाई अमेरिका एक कब्जाकारी शक्ति (Occupying Power) को रूपमा चित्रण गरे पनि खुला अमेरिकी सैन्य चौकीहरूलाई भने निरन्तर आक्रमणको खतरामा छोड्नेछ।

**एउटा महँगो अभियान**


यस्तो कदम चाल्नको लागि उल्लेखनीय जनशक्ति आवश्यक पर्नेछ। क्रिगले अनुमान गरेअनुसार "लडाकु सेना, वायु रक्षा, इन्जिनियरहरू, रसद, चिकित्सा सहयोग र कमान्ड तत्त्वहरू समावेश भएपछि सीमित अपरेसनको लागि कम्तीमा पाँच हजारदेखि दस हजार कर्मचारीहरूको प्रारम्भिक बल आवश्यक पर्नेछ"।

उनले भने, "यदि धेरै टापुहरू संलग्न भए वा यदि उद्देश्य प्रारम्भिक कब्जाभन्दा बाहिर फैलियो भने सेनाको आवश्यकता द्रुतगतिमा बढ्न सक्छ।"

"ती सेनाहरू इरानी मुख्य भूमिबाट प्रत्यक्ष आक्रमणको सामना गर्दै सञ्चालन हुनेछन्। आपूर्ति जहाजहरू, अवतरण जहाजहरू र हेलिकप्टरहरूले क्षेप्यास्त्र, ड्रोन, समुद्री विस्फोटक र गोलावारीको सम्पर्कमा रहेको समुद्र पार गर्नुपर्नेछ," उनले भने।

"इरानलाई टापुहरू तुरुन्तै फिर्ता लिन आवश्यक पर्दैन। उसले निरन्तर क्षय (Attrition) मार्फत ती टापुहरूलाई महँगो र राजनीतिक रूपमा लज्जास्पद अमेरिकी स्थितिमा रूपान्तरण गर्न सक्छ," उनले थपे।

"अमेरिकाले ती फौजहरू आपूर्ति गर्न सक्छ, तर त्यसो गर्न निरन्तर नौसेनिक सुरक्षा, हवाई वर्चस्व र इरानी फायर



इरानको खार्ग टापुमा रहेको तेल टर्मिनलको स्याटेलाइट तस्बिर : प्लेनेट ल्याब्स पीबीसी मार्फत रोयटर्स

प्रणालीहरूको दमन आवश्यक पर्छ। दीर्घकालीन आपूर्ति नै मुख्य लक्ष्य बन्नेछ। जहाज-सुरक्षाका लागि सुरू गरिएको अभियान चाँडै अनिश्चितकालसम्म चल्ने भू-राजनीतिक प्रतिबद्धतामा रूपान्तरित हुन सक्छ," उनले भने।

हाशेमीले अमेरिकाले कुनै पनि दक्षिणी टापु, विशेष गरी खार्ग कब्जा गर्ने प्रयास गर्नेछ भन्ने कुरामा आफूलाई 'धेरै शङ्का' भएको बताए।

अमेरिकी सैनिकहरूको ज्यानको मूल्य र घरेलु राजनीतिक प्रतिक्रिया; विशेष गरी ट्रम्पको आफ्नै मागा (Maga) आधारभित्र ठुलो हुनेछ, उनले भने। यस्तो जोखिमले इराक युद्धसँग तुलना निम्त्याउने राजनीतिक चुनौती पैदा गर्न सक्छ।"

सैद्धान्तिक रूपमा हेर्दा, अमेरिका अझ धेरै अगाडि बढेर इरानको मुख्य भूमिसमेत कब्जा गर्न सक्छ। उसले भियतनाममा पाँच लाख सैनिक तैनाथ गरेको थियो र फेरि त्यति नै क्षमता राख्छ। तर, त्यस्तो कदम राजनीतिक रूपमा कल्पना गर्न पनि असम्भव छ; मध्यपूर्वको व्यापक स्थिरतामा पर्ने प्रभाव र अरब विश्वसँग वासिङटनको सम्बन्धमा पर्ने असर त अलग्गै कुरा हो," विश्लेषकहरूले भने।

"यो सबै केवल सिद्धान्तको तहमा हो, व्यावहारिक सम्भावनाहरू होइन।" हाशेमीले भने।

**के पहिले इरानको प्रतिरक्षा ध्वस्त पार्नु पर्नेछ ?**

"संरा अमेरिकाले कुनै पनि इरानी टापु कब्जा गर्न चाह्यो भने त्यसअघि उसले इरानको रक्षा प्रणालीलाई दबाउनुपर्ने हुन्छ। तर केवल हवाई शक्ति प्रयोग गरेर ती प्रणालीहरूलाई स्थायी रूपमा नष्ट गर्न सकिँदैन," क्रिगले भने।

इरानका धेरैजसो राडार प्रणाली, तटीय क्षेप्यास्त्र ब्याट्री, ड्रोन साइटहरू र इस्लामिक रिभोलुसनरी गार्ड कोर (IRGC) का कमान्ड केन्द्रहरू सजिलै सार्न मिल्ने, लुकाइएका वा भित्री भूभागमा आधारित छन्। त्यसैले अमेरिकी विमानहरूले अवतरणका लागि ती खतरा अस्थायी रूपमा दबाउन सक्छन्। तर त्यसलाई निरन्तर दबाइराख्न भने लगातार सैन्य अभियान आवश्यक पर्छ।

यही अवधारणाको केन्द्रीय कमजोरी हो, क्रिगले तर्क गरे। उनले थपे, इरानलाई जहाज ढुवानीलाई धम्की दिन टापुहरूको आवश्यकता नै पर्दैन किनकि क्षेप्यास्त्र र ड्रोनहरू मुख्य भूमिबाट प्रक्षेपण गर्न सकिन्छ।

होर्मुज जलडमरूमार्फत आवागमन अवरोध गर्ने इरानको क्षमता पूर्ण रूपमा बन्द गराउन भने अमेरिकाले इरानको दक्षिणी तटको व्यापक भूभागमा आक्रमण गर्नुपर्ने हुन्छ र सम्भवतः कब्जा गर्नुपर्ने हुनेछ। "त्यस अवस्थामा, यो अभियान अब टापु कब्जा गर्ने कार्य मात्र रहनेछैन। यो धेरै ठुलो स्थल-युद्धको सुरुवात हुनेछ" उनले भने।

"यो परिदृश्य सम्भावित देखिँदैन," हाशेमीले भने। यसका लागि अहिलेसम्म देखिएको भन्दा धेरै तीव्र र दीर्घकालीन बमबारी अभियान आवश्यक पर्छ। यही कारणले, उनले वासिङटन त्यस दिशातिर अघि बढिरहेको छ भन्ने कुरामा उनी अझै संशयमा छन्।

**ढुवानी, व्यापार र ऊर्जा सुरक्षामा प्रभाव**

इरानी टापुहरूमा अमेरिकाद्वारा गरिने कुनै पनि कब्जालाई तेहरानले ठुलो उग्र कदमको रूपमा लिनेछ; जसले गर्दा सम्भवतः सामुद्रिक मार्गमा विस्फोटक राख्ने र जहाजहरूमा हमला बढ्नेछ; यस क्षेत्रमा रहेका अमेरिकी सैन्य शिविरहरू र खाडी ऊर्जा पूर्वाधारमाथि आक्रमणहरू हुनेछ, क्रिगले भने।

टापुहरू कसको नियन्त्रणमा छ भन्दा पनि जहाजहरू सम्भवतः जलडमरूको मार्ग छल्न खोज्नेछन् किनकि बीमा प्रिमियमहरू बढ्नेछन् र समुद्री विस्फोटक (Sea mines) हटाउन समय लाग्नेछ, उनले बताए।

त्यसरी गरिएको कब्जाले खाडी राज्यहरूसँगको सम्बन्धमा पनि तनाव ल्याउनेछ, किनकि उनीहरू हर्मुज जलडमरू खुलाउन चाहन्छन् तर आफूहरू आक्रमणको आधारभूमि वा निशाना बन्न डराउने छन्।

उनको निष्कर्ष हो कि टापुहरू कब्जा गर्दा नाटकीय सैन्य छवि उत्पन्न हुन सक्छ; तर यसले जलयात्राको स्वतन्त्रताको लडाइँलाई क्षेत्रीय युद्धमा परिणत गर्नेछ र वासिङटनलाई त्यो ठुलो भूमिगत प्रतिबद्धतातर्फ तान्नेछ जसबाट आफू पन्छिन खोज्छ।

# यातायात क्षेत्र : व्यवसायभन्दा बढी सेवा, राष्ट्रको जीवनरेखा

✍ सत्य सुवाल

नेपालमा यातायात क्षेत्रलाई धेरैले केवल एउटा व्यवसायका रूपमा बुझ्ने गर्छन्। तर, यसको वास्तविक स्वरूपलाई नजिकबाट हेर्ने हो भने यो नाफाभन्दा बढी जनताको सेवा, राष्ट्रको अर्थतन्त्र र दैनिक जीवनलाई चलायमान बनाउने आधारभूत क्षेत्र हो। डाक्टरले बिरामीको उपचार गर्छन्, शिक्षकले ज्ञान दिन्छन्, किसानले अन्न उत्पादन गर्छन् भने यातायात क्षेत्रले ती सबै सेवा एकअर्कासँग जोड्ने काम गर्छ। त्यसैले यातायात केवल व्यापार होइन, राष्ट्रको जीवनरेखा हो।

नेपालमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाखौँ नागरिकको जीविकोपार्जन यातायात क्षेत्रसँग जोडिएको छ। चालक, सहचालक (खलासी), सवारीधनी, मेकानिक, ग्यारेज, अटो पार्टस व्यवसायी, टायर व्यवसायी, इन्धन व्यवसायी, बीमा कम्पनी, बैङ्क तथा वित्तीय संस्था, ढुवानी मजदुर, होटल, रेस्टुरेन्ट, टिकट काउन्टर, कृषि, उद्योग, व्यापार, निर्माण तथा पर्यटनलगायत असङ्ख्य क्षेत्र यातायातमै जोडिएका छन्। केही समयका लागि मात्र यातायात सेवा अवरुद्ध हुँदा देशको आर्थिक चक्र नै प्रभावित हुन्छ। किसानको उत्पादन बजार पुग्दैन, उद्योगका कच्चा पदार्थ अड्किन्छन्, बिरामी अस्पताल पुग्न सक्दैनन्, विद्यार्थी विद्यालय पुग्न सक्दैनन्, व्यापार सुस्ताउँछ र हजारौँ परिवारको दैनिक जीविका प्रभावित हुन्छ। त्यसैले, यातायात क्षेत्रलाई केवल व्यवसायको रूपमा होइन, राष्ट्रलाई चलायमान बनाउने सेवाको रूपमा बुझ्न आवश्यक छ।

यति ठुलो योगदान हुँदाहुँदै पनि समाजमा यातायात क्षेत्रप्रति नकारात्मक धारणा बढ्दै गएको देखिन्छ। कुनै एउटा दुर्घटना, कुनै चालकको गल्ती वा कुनै सहचालकको असभ्य व्यवहारलाई आधार बनाएर सम्पूर्ण यातायात क्षेत्रको मूल्याङ्कन गरिन्छ। तर, हजारौँ इमानदार चालक, सहचालक, मजदुर र व्यवसायीले दिनरात गरेको सेवाको चर्चा भने कमै हुन्छ।

यात्रुले कतिपय अवस्थामा चालक वा सहचालकबाट कठोर बोली, झर्को वा असहज व्यवहार अनुभव गर्न सक्छन्। यस्ता व्यवहार सुधार हुनैपर्छ। तर, यसको कारण व्यक्तिको स्वभाव मात्र होइन। धेरै चालक र सहचालक गरिबी, अभाव, बेरोजगारी र अवसरको कमीका कारण सानै उमेरमा विद्यालय छोड्न बाध्य भएका हुन्छन्। कोही घर छोडेर ग्यारेजमा सुत्दै, वर्कसपमा काम गर्दै, होटल वा पार्टी प्यालेसका कुनामा रात बिताउँदै हुर्किएका हुन्छन्। शिक्षा, व्यक्तित्व विकास, नैतिक प्रशिक्षण र सभ्य सामाजिक वातावरणबाट वञ्चित भएका धेरै युवाले यही क्षेत्रमा आफ्नो जीवन सुरु गरेका हुन्छन्। त्यसैले उनीहरूको कमजोरीलाई मात्र दोष दिनुभन्दा उनीहरूलाई त्यस्तो अवस्थामा पुऱ्याउने सामाजिक, आर्थिक र शैक्षिक संरचनालाई पनि हेर्न आवश्यक छ। जस्तो वातावरणमा मानिस हुर्किन्छ, धेरै हदसम्म उसको व्यवहार पनि त्यस्तै बन्ने गर्छ।

यातायात क्षेत्रभित्र पनि सुधार गर्नुपर्ने विषयहरू प्रशस्त छन्। अस्वस्थ प्रतिस्पर्धा, यात्रु तानातान, क्षमताभन्दा बढी यात्रु राख्ने प्रवृत्ति, पर्याप्त विश्रामबिना लामो समयसम्म सवारी चलाउनुपर्ने बाध्यता, श्रमिकको न्यून सेवा-सुविधा, नियमित तालिमको अभाव, केही व्यक्तिको गैरजिम्मेवार व्यवहार, पारदर्शिताको कमी तथा राजनीतिक हस्तक्षेपजस्ता विकृतिहरू हटाउनैपर्छ।

नेपालमा हुने प्रत्येक सवारी दुर्घटनाको दोष चालक वा सवारीधनीलाई मात्र दिनु न्यायोचित हुँदैन। दुर्घटना धेरै कारणको परिणाम हुन सक्छ। नेपालको जटिल पहाडी भूगोल, साँघुरा र घुमाउरा सडक, कमजोर सडक डिजाइन, गुणस्तरहीन निर्माण, समयमै मर्मतसम्भार नहुनु, पहिरो, वर्षा, हुस्सु, सडक किनारमा सुरक्षा संरचनाको अभाव, पर्याप्त ट्राफिक सङ्केत नहुनु, सवारी साधनको प्राविधिक अवस्था, अत्यधिक कार्यभार, यात्रुको लापरबाही तथा कमजोर व्यवस्थापन - यी सबै दुर्घटनाका सम्भावित कारण हुन्। दुर्घटना भएपछि चालकलाई मात्र दोषी देखाएर समस्या समाधान हुँदैन। सडक, संरचना, प्रविधि, नीति, व्यवस्थापन र जिम्मेवार सबै पक्षको निष्पक्ष समीक्षा आवश्यक हुन्छ।

यातायात क्षेत्रप्रति राज्यको दृष्टिकोणबारे पनि गम्भीर समीक्षा आवश्यक देखिन्छ। धेरै व्यवसायी, चालक र सहचालकले आफूहरूलाई राज्यले सम्मानका साथ व्यवहार नगरी तल्लो दर्जाका नागरिकजस्तै व्यवहार गरेको अनुभूति व्यक्त गर्ने गरेका छन्। देशको अर्थतन्त्रलाई निरन्तर चलाइरहेको, लाखौँ मानिसलाई रोजगारी दिएको र जनजीवनलाई सहज बनाएको यही यातायात सेवासँग सम्बन्धित जनशक्तिले धेरै ठाउँमा सम्मानभन्दा बढी अपमान सहनुपरेको गुनासो गर्छ। विशेष गरी कतिपय अवस्थामा ट्राफिक जाँचको क्रममा प्रयोग हुने बोली, व्यवहार र प्रस्तुतिको शैलीले चालक तथा सहचालकलाई सम्मानित नागरिकभन्दा दोषी व्यक्तिजस्तो महसुस गराएको अनुभव सुनिन्छ। कानुन कार्यान्वयन गर्दा कडाइ आवश्यक हुन्छ तर कडाइसँगै सभ्यता, शिष्टता र मानवीय सम्मान पनि उत्तिकै आवश्यक हुन्छ। सम्मान दिएर नियम पालना गराउँदा नागरिकको विश्वास अझ बलियो बन्छ।

नियम पालना गराउनु ट्राफिक प्रहरीको कर्तव्य हो र नियम सबैले पालना गर्नैपर्छ। तर, धेरै सवारीधनी र चालकले कहिलेकाहीँ यस्तो अनुभूति व्यक्त गर्छन् कि ट्राफिक व्यवस्थापन, सडकलाई सहज बनाउने र दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यभन्दा जरिबाना र राजस्व सङ्कलनमा बढी जोड दिइएको जस्तो देखिन्छ। सामान्य प्राविधिक त्रुटि - जस्तै एउटा बत्ती नबल्नु, वाइपरमा सानो समस्या हुनु वा तत्कालै सुधार गर्न सकिने कमजोरीमा पनि सिधै जरिबाना गर्दा दैनिक कमाइमा निर्भर चालक र साना व्यवसायीमाथि ठुलो आर्थिक भार पर्छ। गम्भीर लापरबाहीमा कडा कारबाही अनिवार्य हुनुपर्छ, तर सामान्य त्रुटिमा सुधार गर्ने अवसर, सचेतना र व्यावहारिक समाधान खोज्ने नीति पनि आवश्यक देखिन्छ।

अर्कोतर्फ, यातायात क्षेत्र पूर्ण रूपमा दोषरहित पनि छैन। ढुवानीका क्रममा कतैकतै सामान हराउने, बिच बाटोमा अनियमितता हुने, जिम्मेवारी पूरा नगर्ने वा विश्वासघात हुने घटना पनि भएका छन्। यस्ता कार्य कानुनी र नैतिक दुवै दृष्टिले गलत हुन् र दोषीलाई कडा कारबाही हुनुपर्छ। तर, केही व्यक्तिको गलत कार्यका आधारमा सम्पूर्ण यातायात व्यवसाय, सम्पूर्ण चालक वा सम्पूर्ण सहचालकलाई बेइमान ठहर गर्नु न्यायसङ्गत हुँदैन। हजारौँ व्यवसायी, चालक र सहचालकले वर्षौँदेखि इमानदारीका साथ यात्रु र सामान सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउने जिम्मेवारी निर्वाह गरिरहेका छन्।

अब समय आएको छ - यातायात क्षेत्रलाई केवल जरिबाना तिर्ने, दुर्घटनामा दोषी ठहरिने वा आलोचना सहने क्षेत्रका रूपमा होइन, राष्ट्र निर्माणको साझेदारका रूपमा हेर्ने। राज्यले सुरक्षित सडक, वैज्ञानिक योजना, गुणस्तरीय तालिम, श्रमिकको सम्मान, सामाजिक सुरक्षा र व्यावहारिक कानुनी व्यवस्था दिनुपर्छ। यातायात क्षेत्रले पनि अनुशासन, पारदर्शिता, शिष्ट व्यवहार र सेवाको गुणस्तरमा निरन्तर सुधार गर्नुपर्छ।

अन्ततः यातायात क्षेत्र व्यवसाय अवश्य हो, तर यसको लक्ष्य सेवा हो। यो क्षेत्रले राष्ट्रलाई सघाएको छ, अर्थतन्त्रलाई गतिशील बनाएको छ, लाखौँ परिवारको चुल्हो बालेको छ र करोडौँ यात्रुलाई गन्तव्यसम्म पुऱ्याएको छ। त्यसैले दोष देख्दा सुधार गरौँ, कमजोरी देख्दा समाधान खोजौँ, तर योगदानलाई कहिल्यै नबिर्सौँ। जब राज्य, नियामक निकाय, व्यवसायी, चालक, सहचालक र नागरिक सबैले एकअर्कालाई सम्मान गर्दै सहकार्य गर्छन्, तबमात्र नेपालको यातायात क्षेत्र साँच्चिकै सुरक्षित, मर्यादित, आधुनिक र सेवामुखी बन्न सक्छ।

# भक्तपुर क्यान्सर अस्पतालका कर्मचारीहरू कर्मचारी सेवा र सर्तसम्बन्धी विनियमावली अविलम्ब पारित गराउन आन्दोलित




भक्तपुर, ४ साउन । भक्तपुर क्यान्सर अस्पतालका कर्मचारीहरूको सेवा सर्तसम्बन्धी विनियमावली अविलम्ब पारित गर्न माग गर्दै अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरू आन्दोलित भएका छन् । कर्मचारीहरूले विनियमावली पारित गर्नेलगायत विभिन्न माग राखी पाखुरामा कालोपट्टी बाँधी सोमबारको दिन कार्य गरे ।

आफ्ना मागबारे जानकारी दिन अस्पतालमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा भक्तपुर क्यान्सर अस्पताल कर्मचारी सङ्घका अध्यक्ष शिवराम धुख्वाले अस्पताल सुचारु रूपमा अघि बढाउन कर्मचारी विनियमावली जरूरी रहेको बताउनुभयो । उहाँले विनियमावली पारित हुन नदिन अस्पतालका कार्यकारी निर्देशक नै लाग्नु विडम्बना रहेको बताउनुभयो ।

“अस्पतालका कर्मचारीहरूको सेवाको सर्त र सुविधासम्बन्धी विनियमावली २०८३ बारे स्पष्ट पार्ने एकल एजेन्डासहित आइतबार बोलाइएको अस्पताल व्यवस्थापन समितिको बैठकमा सदस्य सचिव एवं अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसे आफै बिनाजानकारी अनुपस्थित हुनु विडम्बनाको कुरा हो,” उहाँले भन्नुभयो ।

अस्पतालको रेडियोलोजी विभागका प्रमुख डा. पुण्यराम खर्बुजाले कर्मचारी विनियमावली धेरै वर्षसम्म रोकिँदा अस्पतालकै विकासमा अवरोध भइरहेको छ, त्यसको निम्ति सबैतिर अनुरोध र आग्रह गरिसक्दा पनि मेडिकल डाइरेक्टरकै कारण रोकिएको प्रस्ट देखिएको छ भन्नुभयो ।

अस्पतालका अर्का चिकित्सक डा. श्वेता बरालले अस्पतालका चिकित्सक र कर्मचारीहरूको आवाज बोल्नुपर्ने मेडिकल डाइरेक्टर आफै कर्मचारी हकहितको विपक्षमा हुनु खेदजनक छ भन्नुभयो ।

अस्पतालको नर्सिङ इन्चार्ज लक्ष्मीकेशरी श्रेष्ठले सबैजना मिलेर अस्पतालको विकासमा लाग्नुपर्नेमा कर्मचारी विनियमावली पारित नहुँदा कर्मचारीको वृत्तिविकासमा अवरोध भइरहेको बताउनुभयो ।

अस्पतालका कर्मचारीहरूले आफ्ना माग पूरा नभएसम्म विरोधका कार्यक्रम जारी रहने बताएका छन् ।

२०७७ साल कार्तिक २४ गते नेपाल सरकारले भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन आदेश जारी गरी सरकारी स्वामित्वमा लिएदेखि नै त्यहाँ कार्यरत डाक्टर, नर्सलगायतका कर्मचारीहरूको सेवा सुविधासम्बन्धी विनियमावली तयार गरी स्वास्थ्य मन्त्रालयमार्फत पारित गराउने प्रक्रिया थालिएको थियो । लामो समयसम्मको प्रयासपछि २०८३ जेठ १३ गते व्यवस्थापन समितिको बैठकले पारित गरेको थियो ।

उक्त विनियमावलीबारे थप स्पष्ट पार्ने उद्देश्यले सदस्य सचिवको हैसियतले कार्यकारी निर्देशक डा. चालिसेले औपचारिक पत्र प्रेषित गरेर आइतबार बिहान ८ बजेका लागि आफ्नै कार्यकक्षमा बैठक बोलाएको तर उनी आफै अनुपस्थित भएका थिए ।

## देशको अवस्थाबारे उब्जिएको प्रश्न

- वर्षा सुरु भएसँगै देशभरका ८० राजमार्गका विभिन्न खण्डमा पहिरो खसेर सवारी आवागमन बन्द हुने जोखिम बढेको समाचार प्रकाशित भयो । देशकै लाइफलाइन मानिने पृथ्वी राजमार्गमा ठुला सवारी बिग्रिए वा दुर्घटनामा परे तत्काल हटाउने हेभी ड्युटी क्रेन, रिकभरी ट्रक र अन्य आधुनिक उपकरण नहुँदा सडक जाम हुने समस्या उत्पन्न भई यात्रु तथा सवारी चालकले सास्ती खेप्नुपरेको गुनासो छ । सरकार के हेरेर बस्दै छ ? आफू प्रतिपक्षमा हुँदा चितवन-मुग्लीन खण्डमा गएर उद्धारको नाटक गर्ने रास्वपाका सभापति रवि लामिछाने अहिले के गर्दै छन् ?
- महाकालीमा बाढी नआउँदै असार दोस्रो साताको वर्षाले महाकाली र जोगबुडा नदी किनारमा बनेको तटबन्ध भत्कायो । सामान्य वर्षामै पाँच करोडको क्षति भयो । नजिकैको कुतियाकभर बस्ती डुबानको उच्च जोखिममा छ । पानी निकासको दीर्घकालीन व्यवस्थापन नगरी गुणस्तरहीन निर्माण गर्ने सरकारी अधिकारी तथा ठेकेदारलाई रास्वपा सरकारले किन जिम्मेवार बनाएन ?
- पोखरा बजारको बिच भाग भएर बग्ने सेती नदी थुनिएर पहिरो खस्ने क्रम जारी रहेको चार दिन हुँदा पनि सम्बन्धित निकाय तथा सरकारको ध्यान किन नगएको ?
- भदौ २३ र २४ गतेको घटना जाँचबुझ आयोगले सुरक्षाकर्मीलाई गरेको कारबाही सिफारिसबारे अध्ययन गर्न गठित समितिको प्रतिवेदन २५ असारमै गृहमन्त्री सुधन गुरुङलाई भेटेर बुझाउन खोज्दा गृहमन्त्रीले ‘प्रम बालेन साहलाई बुझाउनू’ भन्ने जवाफ दिएको र प्रमले समय नदिएको समाचार प्रकाशित भयो । सरकारले किन प्रतिवेदन नबुझेको हो ?
- साउनदेखि पुँजीगत लाभकर साढे २ प्रतिशतले बढ्ने र कित्ताकाट रोकिने भएपछि गत असारमा घरजग्गा कारोबार बढेर एकै वर्षमा पौने ६१ अर्ब राजस्व बढेको देखियो । जग्गा खरिद बिक्री हुने घरजग्गा कारोबार उत्पादनमूलक क्षेत्र होइन । सर्वसाधारण जनताले आफ्नै पुर्खौली जग्गा अंशबन्डा गर्दा चर्को लाभकर तिर्नुपर्ने किन ?

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

दुईहप्ते एड्भान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना




*पुनश्च : तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

युवा उपसमिति

सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरूले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम भरी अद्यावधिक गर्नुहुन अनुरोध छ ।**

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

# ब्रिटिश स्टिलबारे चीनको क्षतिपूर्ति माग

पेइचिङ, २० जुलाई (एपी) । बेलायत सरकारले ब्रिटिश स्टिललाई राष्ट्रियकरण गरेपछि कम्पनीको पूर्वस्वामित्वमा रहेको चिनियाँ जिङ्गे समूहले आफूले बेहोरेको लगानी घाटाको क्षतिपूर्ति माग गर्दै कानुनी प्रक्रियाअघि बढाउने घोषणा गरेको छ । कम्पनीले बेलायतको कदमले अन्तर्राष्ट्रिय लगानी वातावरणमा नकारात्मक सन्देश दिएको दाबी गरेको छ ।

जिङ्गे समूहले आइतबार जारी गरेको विज्ञप्तिमा ब्रिटिश सरकारले कम्पनीको सञ्चालन नियन्त्रण लिएर अन्तर्राष्ट्रिय लगानीका नियम र द्विपक्षीय लगानी सम्झौताको मर्म उल्लङ्घन गरेको आरोप लगाएको छ । कम्पनीले बेलायत सरकारसँग क्षतिपूर्तिका लागि औपचारिक वार्ता प्रक्रिया सुरु गरिएको जानकारी दिँदै आवश्यक परे अन्तर्राष्ट्रिय मध्यस्थताको बाटोसमेत अपनाइने जनाएको छ ।

सन् २०२० मा जिङ्गे समूहले आर्थिक सङ्कटमा रहेको ब्रिटिश स्टिल खरिद गरेको थियो । कम्पनीका अनुसार त्यसपछि उसले ठुलो लगानी गरेर उद्योगलाई सञ्चालनमा राखेको थियो । तर, बेलायत सरकारले गत वर्ष कम्पनीले उत्तरी इङ्गल्यान्डस्थित स्कन्थर्प कारखानाका ब्लास्ट फर्नेस बन्द गर्ने तयारी गरेपछि सञ्चालन नियन्त्रण आफ्नो हातमा लिएको थियो । सोही उद्योग बेलायतमा कच्चा पदार्थबाट नयाँ स्टिल उत्पादन गर्ने अन्तिम ब्लास्ट फर्ने संयुक्त केन्द्र मानिन्छ ।

जिङ्गे समूहले बेलायत सरकारले आफ्नो लगानी र योगदानको उचित मूल्याङ्कन नगरी लगभग शून्य बराबरको क्षतिपूर्ति प्रस्ताव गरेको आरोप लगाएको छ । कम्पनीले बेलायती सरकारको निर्णयले अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वास कमजोर बनाएको, उद्योग सञ्चालनमा क्षति पुर्‍याएको र अन्ततः बेलायती करदातामाथि पनि आर्थिक भार थपिएको दाबी गरेको छ ।

बेलायतको व्यापार तथा व्यवसाय विभागले भने राष्ट्रियकरणपछि जिङ्गे समूहलाई क्षतिपूर्ति दिने वा नदिने विषय स्वतन्त्र मूल्याङ्कनका आधारमा तय गरिने जनाएको छ । विभागका अनुसार राष्ट्रियकरणको निर्णयले करिब दुई हजार ७०० रोजगारी जोगाउनुका साथै पूर्वाधार आयोजना र रक्षा उद्योगका लागि आवश्यक स्वदेशी स्टिल उत्पादन सुरक्षित गर्ने उद्देश्य राखेको छ ।

स्कन्थर्पस्थित स्टिल उद्योगले एक सय ३० वर्षभन्दा बढी समयदेखि उत्पादन गर्दै आएको छ र बेलायतको औद्योगिक इतिहाससँग जोडिएको महत्त्वपूर्ण उद्योगका रूपमा चिनिन्छ ।

यसैबिच, चिनियाँ विदेश मन्त्रालयले पनि बेलायतले यस विषयलाई कसरी समाधान गर्छ भन्ने कुराले चिनियाँ लगानीकर्ताको बेलायती लगानी वातावरणप्रतिको विश्वासमा प्रत्यक्ष असर पर्ने जनाएको छ । मन्त्रालयले बजार अर्थतन्त्रका सिद्धान्त, सम्झौताको भावना र अन्तर्राष्ट्रिय लगानी नियमको सम्मान गर्दै दुवै पक्षलाई स्वीकार्य हुने गरी क्षतिपूर्तिको समाधान खोज्न बेलायतसँग आग्रह गरेको छ । साथै चीनले आफ्ना कम्पनीहरूलाई कानुनी माध्यमबाट वैध अधिकारको रक्षा गर्न पूर्ण समर्थन गर्ने स्पष्ट पारेको छ ।

# स्पेनले जित्यो १६ वर्षपछि विश्वकपको उपाधि

काठमाडौँ ४ साउन । साविक विजेता अर्जेन्टिनालाई पराजित गर्दै युरोपेली च्याम्पियन स्पेनले १६ वर्षपछि फिफा विश्वकप २०२६ को उपाधि जितेको छ । स्पेनले यसअघि सन् २०१० मा विश्वकपको उपाधि हासिल गरेको थियो ।

अमेरिकाको न्युयोर्कस्थित न्युजर्सी स्टेडियममा सोमबार भएको खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीबाट गोल हुन नसकेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो ।

अतिरिक्त समयमा स्पेनका फेर्रान टोरेजले गोल गरे । उनले खेलको १०६ औं मिनेटमा गोल गर्दै अर्जेन्टिनाविरुद्ध एक शून्यको अग्रता लिएका थिए । त्यसपछि खेलमा थप गोल हुन सकेन र स्पेनले अर्जेन्टिनामाथि एक शून्य गोलको जीत हासिल गर्‍यो ।

खेलको निर्धारित ९० मिनेटको समयमा एन्जो फर्नान्डेजले दोहोरो पहेँलो कार्ड पाएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित बनेको थियो । त्यसैको फाइदा उठाउँदै स्पेनले गोल गर्न सफल भयो ।

सेमिफाइनलमा अर्जेन्टिनाले इङ्ल्यान्डलाई २-१ ले गोलअन्तरले पराजित गर्दै विश्वकपको फाइनलयात्रा तय गरेको थियो । स्पेनले फ्रान्सलाई २-० गोलअन्तरले हराउँदै फाइनलमा पुगेको थियो । ***(रासस)***

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा